# संरक्षण विषयगत क्षेत्रको
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
## कर्णाली प्रदेश, सुर्खेत




कर्णाली प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

२०८०

# संरक्षण विषयगत क्षेत्रको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## कर्णाली प्रदेश, सुर्खेत




संरक्षण विषयगत क्षेत्र नेपाल
Protection Cluster

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

२०८०

**दस्तावेजको नाम** : संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०

**प्रकाशक** : सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश

**तयार गरिएको वर्ष** : २०८०

# कर्णाली प्रदेश सरकार

फोन नं.: ०८३-५२३२५८
फ्याक्स नं.: ०८३-५२२०२९

**मा. खड्ग बहादुर पोखरेल**
**मन्त्री**
**सामाजिक विकास मन्त्रालय**
**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**


पत्र-संख्या :
चलानी नम्बर :



## शुभकामना मन्तव्य

नेपाल विभिन्न प्राकृतिक तथा मानव सिर्जित प्राकृतिक जोखिमका हिसावले अग्रस्थानमा छ भने विपद् जोखिमका दृष्टिकोणले कर्णाली प्रदेश सबै भन्दा उच्च रहेको छ। विपद्का समयमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदायको व्यक्तिहरु वढी जोखिम अवस्थामा हुने र ती वर्गलाई विशेष प्राथमिकता र आश्यकताका आधारमा पूर्व तयारी तथा प्रतिकार्य गर्नु पर्ने हुन्छ। जसको लागि सामाजिक विकास मन्त्रालयले संरक्षण विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु ।

नेपालको संविधान, अन्तराष्ट्रिय मानवीय कानून, बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ र नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० लगायत कानूनी व्यवस्थाहरुले प्राकृतिक तथा मानव सिर्जित प्राकृतिक विपद् प्रभावितको संरक्षण तथा प्रवर्द्धन गर्ने दायित्व प्रदेश सरकारको समेत रहेको छ।

कर्णाली प्रदेशमा विपद् न्यूनीकरण तथा व्यवस्थापन कार्य सम्बन्धी क्षेत्रले सम्वोधन गर्नु पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक यौनिक अल्पसंख्यक वर्ग समुदायको लागि विपद्को समयमा विशेष संरक्षण कार्यमा अग्रसरता एवं जिम्वारीपूर्वक कार्य गर्न सवै सरोकारवालाहरुलाई आग्रह गर्दछु । २६औ भुकम्प सुरक्षा दिवस, २०८० को मूल नारा "स्थानीय स्रोत र प्रविधि समेत प्रयोग गरौं", भूकम्प थेग्ने संरचना बनाऔं भन्ने मूल नारालाई सार्थक तुल्याउन सरोकारवाला सवैमा उत्प्रेरण मिलोस भन्दै सुरक्षित रहौं सजकता भन्ने शुभकाना व्यक्त गर्दछु।

मा. खड्ग बहादुर पोखरेल
मन्त्री


E-mail: *mosdsurkhet@gmail.com* Website: *mosd.karnali.gov.np*

कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल

सचिवज्यू : ०८३-५२५६१२
प्रशासन शाखा : ०८३-५२३६७२
फ्याक्स : ०८३-५२२०२५



## शुभकामना

नेपालको संविधान, अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानून, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ आवासको अधिकार सम्वन्धी ऐन, २०७५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ विपद जोखिम न्यूनीरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० लगायत कानूनी व्यवस्थाहरु प्राकृतिक तथा मानव सिर्जित विपद् प्रभावितको संरक्षण गर्ने कानूनी आधार हुन् । नेपाल भुकम्पीय दृष्टिले ११ औं, बाढी पहिरोजन्य प्रकोपले ३० औं, जलबायु परिवर्तनका दृष्टिकोणले ४ औं र सडक दुर्घटनाबाट ५० औं स्थानमा रहेको छ। यस प्रकार भौगोलिक अवस्थिति, भूकम्प, मनसुनजन्य र अन्य विपद्को जोखिमयुक्त देश हो, त्यसमा पनि कर्णाली प्रदेश अझ बढी जोखिम भएको प्रदेशको रुपमा चिनिन्छ ।

विपद्को समयमा जोखिम अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदायको विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न, कर्णाली प्रदेशको प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

आपत्कालीन अवस्थामा संरक्षण विषय समूहमा हुन सक्ने हिंसा, शोषण, विभेद, दुर्व्यवहार, यौन तथा श्रम शोषण, मानव बेचबिखन तथा ओसारपसार जस्ता घटनामा कमी भई सुरक्षित वातावरण निर्माण गर्न यो पूर्वतयारी तथा प्रतिकार्ययोजना उपयोगी हुनेछ । संरक्षण विषयगत क्षेत्रको एकीकृत प्रयासका लागि र सरकारी निकाय, विकास साझेदार गैरसरकारी संस्था निजी क्षेत्र समेतको लागि यो कार्ययोजना उपयोगी हुने विश्वास लिएको छु ।

संरक्षण विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्ययोजनाको तयारीका लागि सामाजिक विकास महाशाखा प्रमुखको संयोजकत्वमा गठित कार्यदलका सदस्य यस कार्यलाई योगदान दिने विकास साझेदार लगायत प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग पुऱ्याउनु हुने महानुभावप्रति धन्यवाद व्यक्त गर्दछु।

विपद् जोखिम न्यूनीकरण र व्यंवस्थापन कार्यलाई संरक्षण विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० ले कर्णाली प्रदेशमा प्रभावकारी कार्य सम्पादनका लागि यस क्षेत्रमा क्रियाशील संघसंस्था लगायत सवै सरोकारवालाहरुलाई स्पष्ट, एकीकृत मार्ग निर्देश गर्ने छ भन्ने विश्वास लिएको छु।

डा. भोजराज शर्मा काफ्ले

प्रदेश सचिव

प्रदेश सचिव

E-mail: mosdsurkhet@gmail.com Website: mosd.karnali.gov.np

# विषय सूची

**परिच्छेद १: परिचय** ........ **१**
१.१ पृष्ठभूमि ........ १
१.२ योजनाको लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल ........ २
१.३ योजना निर्माण प्रक्रिया ........ ४

**परिच्छेद २: विपद् संरक्षणका सिद्धान्त, सवाल र रणनीति** ........ **५**
२.१ विपद् संरक्षणका सिद्धान्त ........ ५
२.२ विपद्को समयमा संरक्षणका सवाल ........ ५
२.३ संरक्षण रणनीति ........ ८

**परिच्छेद ३ : प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण** ........ **११**
३.१ प्रकोप विश्लेषण ........ ११
३.२ सङ्कटासन्नता विश्लेषण ........ ११
३.३ विपद् क्षमता विश्लेषण ........ १२

**परिच्छेद ४ : प्रकोपको परिदृश्यमा आधारित जोखिम विश्लेषण र पूर्वतयारी तथा प्रतिकार्य योजना** .. **१३**
४.१ भूकम्प ........ १३
४.२ मनसुनजन्य विपद् : बाढी तथा पहिरो ........ २०
४.३ महामारी ........ २५
४.४ अन्य विपद् : आगलागी, वन डढेलो, चटयाङ, हावाहुरी, जलवायु परिवर्तनजन्य विपद जस्तै : अतिवृष्टि, अनावृष्टि, खडेरी, शीतलहर आदि। ........ ३०

**परिच्छेद ५: संरक्षण विषयगत क्षेत्रको विद्यमान क्षमता तथा तयारी अवस्था** ........ **३१**
५.१ जनशक्ति व्यवस्थापन र परिचालन ........ ३२
५.२ संरक्षणका विषयगत क्षेत्रका लागि आवश्यक सामग्री ........ ३२
५.३ संस्थागत संरक्षण संयन्त्र तथा समन्वय ........ ३३

**परिच्छेद ६: आर्थिक स्रोत व्यवस्थापन** ........ **३४**
६.१ आर्थिक स्रोत व्यवस्थापन ........ ३४
६.२ स्रोत व्यहोर्ने निकायहरूको नक्साङ्कन ........ ३५

**परिच्छेद ७: समन्वय र सहकार्य** ........ **३६**
७.१ संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा संरक्षण विषयगत क्षेत्रबिचको समन्वय र सहकार्य ........ ३६
७.२ अन्तरविषयगत क्षेत्र तथा निकायगत समन्वय र सहकार्य ........ ३६

**परिच्छेद ८ : सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी ..... ३८**
८.१ सूचना व्यवस्थापन ..... ३८
८.२ सञ्चार तथा पैरवी ..... ३८
**परिच्छेद ९ : अनुगमन, मूल्याङ्कन र समीक्षा ..... ३९**
९.१ अनुगमन संयन्त्र र कार्यसूची ..... ३९
९.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना ..... ३९
९.३ योजनाको समीक्षा र परिमार्जन ..... ३९
**अनुसूचीहरू ..... ४०**
अनुसूची १: संरक्षण विषयगत क्षेत्र विस्तृत लेखाजोखा फाराम ..... ४०
अनुसूची २: संरक्षण जाँचसूची (Protection Checklist) ..... ४५
अनुसूची ३: संरक्षण विषयगत क्षेत्रको नेतृत्त्व, सह-नेतृत्त्व र सदस्य संस्था विवरण ..... ४७
अनुसूची ४: मनोसामाजिक मनोविमर्शकर्ताको नक्साङ्कन ..... ४९
अनुसूची ५: अल्पकालीन आश्रयस्थल तथा सेवाकेन्द्रको नक्साङ्कन ..... ५४
अनुसूची ६: अस्पतालमा आधारित एकद्वार सङ्कटकालीन व्यवस्थापन केन्द्र ..... ५५
अनुसूची ७: संरक्षण विषयगत क्षेत्रको कार्ययोजना आ व ०८०/०८१ ..... ५६
**सन्दर्भ सामग्री ..... ६३**

## परिच्छेद - १

# परिचय

## १.१ पृष्ठभूमि

आपत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय सहायता परिचालनलाई प्रभावकारी बनाउन संयुक्त राष्ट्र संघको नेतृत्त्वमा विषय क्षेत्रगत समूह (Cluster) गठन गरी समन्वय गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहिआएकोले नेपालमा पनि यसको सुरुवात विक्रम संवत् २०६२ बाट भएको देखिन्छ। नेपालमा विक्रम सम्वत् २०६५ सालमा कोशी नदीको बाँध फुटेर भएको बाढीको विपद् मानवीय सहायता परिचालन गर्दा विषय क्षेत्रगत समूहको अभ्यास सुरु भएको देखिन्छ। तत्पश्चातका सबै विपद्मा यो अभ्यासलाई निरन्तरता दिइँदै आएको छ। विक्रम संवत् २०७२ मा गएको भूकम्पमा समेत विषयगत क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको थियो।

यस संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको क्रममा नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति कार्ययोजना, २०१८-२०३०, कर्णाली प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९, विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना, २०७९, कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई मुख्य आधार मानिएको छ। उल्लिखित ऐनमा विपद्को जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदायको विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने स्पष्ट प्रावधान भएबमोजिम कर्णाली प्रदेशको प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्रको यो विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० को व्यवस्थाअनुसार संघमा संरक्षण विषयगत क्षेत्रसहित हाल ११ विषयगत क्षेत्र क्रियाशील रहेको छ भने कर्णाली प्रदेशमा ९ ओटा विषयगत क्षेत्र क्रमशः संरक्षण, स्वास्थ्य तथा पोषण, खाद्य सुरक्षा, खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्धन, शिक्षा, शीघ्र पुनर्लाभ, बन्दोबस्ती, आवास, खोज तथा उद्धार विषयगत क्षेत्र क्रियाशील रहेका छन्। कर्णाली प्रदेशमा संरक्षण विषयगत क्षेत्रको नेतृत्त्व सामाजिक विकास मन्त्रालयले गरेको छ भने सहनेतृत्त्व युनिसेफले गरेको छ।

प्रकोपले अस्पताल, सडक, खानेपानी आपूर्ति, विद्यालय, सञ्चार, विद्युत जस्ता आधारभूत एवं अत्यावश्यक सेवामा असर पार्नुका साथै दैनिक जीवन निर्वाहका लागि चाहिने खाद्यान्न, खानेपानी, आश्रयस्थलको अभाव भई उपलब्ध भइरहेका स्वास्थ्य, शिक्षा, कानुनीलगायत सुरक्षा तथा संरक्षणसम्बन्धी सेवा प्रवाहमा समेत गम्भीर अवरोध सिर्जना हुन्छ।

प्रकोपको सामना गर्न नसक्दा मानिसले विपद् खेप्नुपर्दछ। विपद्का वेलामा विस्थापन, जीविकोपार्जनको अभाव, आवास, जग्गा र सम्पत्तिको विनाश, पहिचानका प्रमाणको क्षति, राहत सहयोगमा असमान पहुँच, सेवा प्राप्तिमा भेदभावलगायत दुर्व्यवहार, हिंसाजस्ता अनेक किसिमका समस्या भोग्नुपर्दछ। सङ्कटासन्न समूह मुख्य गरी महिला त्यसमा पनि विशेष गरी सुत्केरी र गर्भवती महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक रूपमा बहिष्करणमा परेका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अति विपन्न, विस्थापित, शरणार्थी, अशक्त अवस्थाका विरामी, एचआइभिसँग बाँचिरहेका व्यक्ति, मानसिक समस्या तथा दीर्घ रोगी बढी जोखिममा पर्दछन्। यस्ता सङ्कटासन्न समूहको लागि विशेष संरक्षण सेवाको आवश्यकता पर्ने हुनाले संरक्षण सम्बन्धी सेवाहरू समयमै उपलब्ध गराउन आवश्यक हुन्छ।

विपद्को समयमा विपद्बाट प्रभावित व्यक्ति तथा समूहलाई सुरक्षित रहन, मानवीय सहयोगमा पहुँच पुऱ्याउन, सम्भावित हिंसाबाट संरक्षित हुन तथा आफ्ना अधिकारको सुनिश्चितताका लागि सचेतना जगाउन र सशक्तीकरण गर्नमा संरक्षण विषयगत क्षेत्रको ठूलो भूमिका रहने गर्दछ। अपाङ्गता भएका व्यक्तिका लागि विशिष्टीकृत सेवा उपलब्ध गराउन र प्रतिकार्यमा उनीहरूको सहभागिताका साथै क्रियाशीलता बढाउन सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट सामूहिक रूपमा सेवा प्रदान गर्न पनि संरक्षण विषयगत क्षेत्रको आवश्यकता पर्दछ। सङ्कटासन्न समूहका समस्या तत्काल सम्बोधन गर्न मानवीय सहयोग, स्याहार, सूचना सम्प्रेषण तथा संरक्षण गर्न, संरक्षणका सवाललाई अन्य विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्न प्रदेश संरक्षण विषयगत क्षेत्रले यो योजनामा भूकम्प, मनसुनजन्य (बाढी तथा पहिरो) र महामारीजन्य विपद्लाई आधार मानी सोको अनुमानित परिदृश्य तयार गरी प्रदेश संरक्षण विषयगत क्षेत्रले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ। यो योजना तत्कालीन अवस्था र विपद्का परिदृश्यलाई सम्बोधन गर्न बनाइएको जीवित दस्तावेज हो। यसलाई समय, सन्दर्भ र आवश्यकताअनुसार अद्यावधिक गर्दै लगिनेछ।

## १.२ योजनाको लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल

संरक्षण विषयगत क्षेत्रका सदस्यहरूलाई क्रियाशील बनाइराख्न, विपद् पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक र प्रभावकारी समन्वय, सहकार्य र साझेदारी गर्न र विना भेदभाव आवश्यकताका आधारमा मानवीय सहायतामा विपद् प्रभावितहरूको पहुँच सुनिश्चित गर्न संरक्षण विषयगत क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ। यस विषयगत क्षेत्रको लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल यस प्रकार रहेका छन् :

### लक्ष्य

कुनै पनि विपद्मा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई हिंसा, दुर्व्यवहार, शोषण, हेला र भेदभावजन्य व्यवहारबाट रोकथाम गर्ने र मर्यादापूर्ण जीवनयापनका लागि सहयोग गर्ने।

## उद्देश्य

संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका उद्देश्य निम्नबमोजिम रहेका छन्:

- प्रदेशको प्राथमिकतामा परेका प्रमुख विपद् क्रमशः भूकम्प, मनसुनजन्य विपद् (बाढी तथा पहिरो) र महामारीका सन्दर्भमा सरोकारवालाको क्षमता विकास गरी प्रभावकारी पूर्वतयारी र प्रतिकार्य गर्न सक्षम बनाउने।
- संरक्षण विषयगत क्षेत्रका लक्षित वर्गकेन्द्रित न्यूनतम मानवीय आवश्यकता परिपूर्तिका लागि सहयोग गर्ने।
- आपत्कालीन प्रतिकार्यमा सरोकारवालाको साझेदारी, समन्वय र सहकार्यमा सुधार गरी प्रदेशमा विपद् बाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न सहयोग गर्ने।
- सङ्कटासन्न समूहमा पर्नसक्ने संरक्षणसम्बन्धी थप जोखिमबाट बचाउनका निमित्त आवश्यक सेवा यथाशीघ्र उपलब्ध गराउने।

## अपेक्षित प्रतिफल

यस योजनाको कार्यान्वयनबाट देहायका प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ :

- प्रदेश र स्थानीय तहका संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित निकाय, समुदाय तथा सरोकारवालाबिच समन्वय संयन्त्र स्थापना गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमताको सुदृढीकरण भएको हुनेछ।
- आपत्कालीन अवस्थामा संरक्षण विषय समूहका लक्षित वर्गमा हुनसक्ने हिंसा, शोषण, विभेद, दुर्व्यवहार, यौन तथा श्रम शोषण, बेचबिखन तथा ओसारपसार जस्ता संरक्षणसम्बन्धी घटनामा कमी भई सुरक्षित वातावरण निर्माण भएको हुनेछ।
- विपद् जोखिम मूल्याङ्कन र लेखाजोखाका आधारमा संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक भई कार्यान्वयनमा आएको हुनेछ।
- संरक्षण विषयगत क्षेत्रअन्तर्गत विशिष्टीकृत सेवाका लागि स्रोत व्यवस्थापन तथा विनियोजन, सुरक्षित आवास, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, कानूनी सहायता, अस्थायी संरक्षण, मनोसामाजिक मनोविमर्श जस्ता अत्यावश्यक सेवाको व्यवस्थापन तथा सुदृढीकरण भएको हुनेछ।
- प्रदेशस्तरीय दक्ष मानवीय स्रोत तथा भौतिक क्षमताको नक्साङ्कन भएको हुनेछ।
- घटना व्यवस्थापन र सम्प्रेषण (रेफरल) प्रणालीको स्थापना भई सेवा सुचारु भएको हुनेछ।

## १.३ योजना निर्माण प्रक्रिया

सामाजिक विकास महाशाखा प्रमुखको संयोजकत्त्वमा कार्यदल गठन भई विभिन्न चरणमा छलफल, अन्तर्क्रिया तथा बैठक गरी तपसिल बमोजिमका विधि अपनाई यो पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको हो :

**योजना तर्जुमा विधि**

चरण १: प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्रको बैठक बसी उक्त बैठकको निर्णय बमोजिम योजनाको प्रारूप मस्यौदा तयार गर्न कार्यदलको गठन।

चरण २ : विपद् जोखिम विश्लेषणका साथ प्रदेशको प्राथमिकतामा परेका विद्यमान प्रकोपको सम्भावित परिदृश्यका आधारमा कार्यदलद्वारा विभिन्न तहमा छलफल, अन्तरक्रिया र बैठक गरी प्रारम्भिक मस्यौदा तयार।

चरण ३ : कार्यदलमार्फत तयार पारिएको प्रारम्भिक मस्यौदामा सरोकारवालासँग छलफल र अन्तरसंवाद गरी पृष्ठपोषण लिने कार्य।

चरण ४ : सरोकारवालाको सुझावका आधारमा परिमार्जन गरी अन्तिम मस्यौदा तयारी।

परिच्छेद - २

# विपद् संरक्षणका सिद्धान्त, सवाल र रणनीति

## २.१ विपद् संरक्षणका सिद्धान्त

विपद्बाट प्रभावित सम्पूर्ण व्यक्तिलाई संरक्षण तथा सहयोग प्राप्त गर्ने अधिकार हुन्छ। तर जब विपद् हुन्छ त्यस अवस्थामा उमेर, लिङ्ग, अपाङ्गता, कानुनी जटिलता र व्यक्तिको अन्तर्निहित स्वास्थ्यका कारणले मानवीय सहयोगमा तिनको पहुँचलाई सीमित पार्न सक्दछन्।

विपद्को समयमा एकल महिला, सुत्केरी तथा गर्भवती महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूह, परिवारबाट अलग्गिएका/एक्लिएका/घरमुली आफैं भएका र जोखिममा परेका वा पारिएका बालबालिकालगायत विशिष्ट प्रकारका व्यक्तिलाई विशिष्टिकृत सहयोग प्रदान गर्नुपर्ने आवश्यकता हुन्छ। विना भेदभाव मानवीय राहत सामग्रीमा सबैको समान पहुँच सुनिश्चितता गर्नु संरक्षण विषयगत क्षेत्रको दायित्व हो। विपद् संरक्षणका सवालको सम्वोधन गर्न संरक्षण विषयगत क्षेत्रको महत्त्वपूर्ण भूमिका पनि रहन्छ। यसरी विपद्को समयमा संरक्षणका सवाललाई सम्बोधन गर्दा निम्न अनुसारका सिद्धान्तलाई आत्मसात गर्न आवश्यक देखिन्छ :

### संरक्षणका सिद्धान्त

१. मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्धन गर्ने र उनीहरूलाई थप हानि-नोक्सानीको सामना गर्नबाट जोगाउने।
२. आवश्यकताबमोजिम र भेदभावविना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच सुनिश्चित गर्ने।
३. वास्तविक हिंसा, जबर्जस्ती अथवा जानाजान गरिएका शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसहरूलाई सहयोग उपलब्ध गराउने।
४. आफ्नो अधिकारहरूको सुनिश्चित गर्न मानिसहरूलाई सहयोग गर्ने।

## २.२ विपद्को समयमा संरक्षणका सवाल

### २.२.१ बाल संरक्षणका सवाल

बाल संरक्षण भन्नाले बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, उपेक्षा, शोषणको रोकथाम र प्रतिकार्य हो। सामान्य अर्थमा कुनै पनि किसिमका सम्भावित जोखिमबाट बालबालिकालाई जोगाउनु नै बाल संरक्षण हो। उनीहरूको शारिरीक र मानसिक वृद्धि तीब्र रूपले भइरहेको हुन्छ। उनीहरूमा विभिन्न रोग, कुपोषण र शारीरिक दुर्घटनाको सम्भावना अत्यधिक रहन्छ। उनीहरूको शारीरिक मनोवैज्ञानिक तथा सामाजिक विकासका लागि वयस्कको सहयोग अपरिहार्य हुन्छ। विपद्मा बालबालिकाहरू आफ्नो परिवारबाट सजिलैसँग एक्लिन वा अलग्गिन सक्दछन्। त्यसकारण उनीहरूको दर्ता प्रकृया र

हराइरहेका बालबालिकाको खोजतलास गर्ने प्रयत्नलाई तत्कालै संस्थागत गरिनु पर्दछ। यस्ता बालबालिका अन्य बालबालिकाको तुलनामा विभिन्न किसिमका दुर्व्यवहारलगायत मानव बेचबिखन तथा ओसारपसारको उच्च जोखिममा पर्दछन्। हुर्कदो उमेरका बालबालिकालाई सामान्य विकासका लागि कतिपय कुराको आवश्यकता पर्ने भएकाले आफ्नै परिवारसँग हुँदा पनि कतिपय बालबालिकाले मानसिक आघात तथा विकासमा हुने अवरोधका कारण अति पीडा भोग्नुपर्ने बाध्यता हुन्छ। अपाङ्गता भएका बालबालिकालाई परित्याग गर्ने वा तिनको उपेक्षा गर्ने र भेदभावपूर्ण व्यवहारका कारणले यौन हिंसा तथा यौन शोषणको बढी जोखिममा पर्ने सम्भावना रहन्छ।

विपद्को समयमा विशेष गरी आफ्नै देशभित्र गाउँबाट शहरतर्फ र अन्तर्राष्ट्रिय रूपमा मानव बेचविखन तथा ओसारपसार हुने घटनामा तीब्र वृद्धि हुन्छ। यस प्रकारको मानव बेचबिखन तथा ओसारपसारले बालबालिका तथा महिलाहरूलाई यौन व्यवसाय, अति निकृष्ट प्रकारका श्रम, घरेलु काम, औद्योगिक कलकारखानामा काम गर्नुपर्ने बाध्यता हुन्छ र कतिपय सन्दर्भमा व्यक्तिको भित्री अङ्ग झिक्ने, जवरजस्ती विवाह, विभिन्न प्रलोभनमा पारी यौन शोषण गराउने गतिविधिमा समेत संलग्न हुन बाध्य हुन्छन्। त्यसकारणले, यस्तो अवस्थामा संरक्षण विषयगत क्षेत्रले निगरानी तथा अनुगमन गर्ने र तत्काल उद्धार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। त्यसैले बालबालिकाप्रति विभिन्न खालका अनैतिक क्रियाकलापलगायत बाल अधिकार उलङ्घनका सम्भावनालाई सावधनीपूर्वक अनुगमन र उजुरी गरी बालबालिकाको संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ विशेष ध्यान दिनुपर्दछ।

## २.२.२ लैङ्गिक हिंसाका सवाल

विपद्को समयमा लैङ्गिकतामा आधारित हिंसा, जवरजस्ती विवाह, बालविवाह, यौन शोषण दुर्व्यवहार, बेचविखन तथा ओसारपसारसम्बन्धी गतिविधिलाई तीब्र पार्न सक्दछन्। यस्तो परिस्थितिमा सबै सरोकारवाला निकाय तथा संघसंस्थाले विपद्बाट प्रभावित व्यक्तिको यौन शोषण, यौन हिंसा तथा दुर्व्यवहारको रोकथाम गर्नका लागि सम्पूर्ण आवश्यक कदम चाल्नुपर्ने हुन्छ। सबै सरोकारवाला निकाय एवं संघ संस्थाले विपद् प्रभावित क्षेत्रको अनुगमन गर्ने र राज्यका आधिकारिक व्यक्तिलाई त्यस्ता गलत आचरणसम्बन्धी घटनाको सूचना दिनुपर्दछ। संरक्षण विषयगत क्षेत्रले त्यस्ता घटनाबाट पीडितलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन सहयोग पुर्‍याउनु पर्दछ। यसका लागि संयुक्त रूपमा काम गर्न, सहकार्य र समन्वय गर्न, अन्तरनिकाय र समुदायमा आधारित संरक्षण संयन्त्रलाई प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्दछ।

## २.२.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक मनोविमर्श सहयोग उपलब्धताका सवाल

विपद्को समयमा व्यक्तिमा हुने तनावलाई फरक-फरक किसिमले विभिन्न प्रतिक्रिया जनाउने गर्दछन्। विशेष गरी अनपेक्षित रूपमा आफ्ना प्रियजनलाई गुमाउनु परेका, विस्थापित हुनु परेका, परिवारबाट एक्लिएका वा अलग्गिएका, हिंसाबाट जोगिएर जीवित रहेका अथवा पहिले नै मानसिक स्वास्थ्यको

पीडा भोगेका व्यक्ति यस मानसिक समस्याबाट बढी प्रभावित हुने सम्भावना हुन्छ। यस समयमा मनोसामाजिक तथा सामाजिक समस्या अत्यन्तै गम्भीर हुन्छ र त्यसले दीर्घकालीन असर परेको हुन्छ। विशेषत महिला तथा बालबालिकाको सन्दर्भमा त्यसको असर अझ भयानक हुन्छ किनकि जतिबेला परिवारको संरक्षण र स्नेहको आवश्यकता पर्ने समयमा नै आफ्नो परिवारबाट एक्लिनु वा अलग्गिनु पर्दा अनेक किसिमका जोखिममा पर्न सक्दछन्। यसरी पहिल्यै गरिबीको सामना गरिरहेका, विभेदमा परेका, सीमान्तकृत समूह, दुर्गम भौगोलिक क्षेत्रमा बसोबास गर्नेहरू एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति थप मानसिक स्वास्थ्य एवं मनोसामाजिक समस्याको जोखिममा पर्दछन्। आपत्कालीन अवस्थामा सामाजिक (पारिवारिक विघटन; जीविकोपार्जनमा हानी, सामाजिक सञ्जालको दुरूपयोग; विद्यालय बन्द, जबर्जस्ती बसाइँसराइ, बालबालिका विरुद्ध बढ्दो हिंसा र लैङ्गिक हिंसा); र मनोवैज्ञानिक (आघात, दुःख, उदासिनता, चिन्ता, एकलोपना, आत्महत्याको सोचाई) आदिले सामाजिक तथा आर्थिक जीवन तहसनहस हुने सम्भावना हुन्छ।

सामाजिक तथा सांस्कृतिक रूपमा उपयुक्त किसिमले आधारभूत सेवा तथा सुरक्षा उपलब्ध गराउनु र पीडाको रोकथाम र भेदभावलाई सम्बोधन गर्न अत्यावश्यक हुन्छ। यदि समयमै मनोसामाजिक मनोविमर्श सहयोग पुऱ्याउन सकिएन भने मानसिक तनावले, हिंसा लगायत आत्महत्याका घटनाहरू घट्न सक्ने संभावना हुन्छ।जसले सामाजिक जनजिवनलाई नै थप असर पार्न सक्दछ।यस्तो अवस्थामा तत्काल मानसिक स्वास्थ्य तथा मनोसामाजिक मनोविमर्श सहयोग उपलब्ध गराउनु पर्दछ।

## २.२.४ विस्थापनका सवाल

विपद्को समयमा धेरै व्यक्तिहरू आन्तरिक रूपमा विस्थापन हुनसक्दछन्। आफू बसिरहेको स्थान छाड्नुपर्ने बाध्यताले उनीहरूलाई तत्काल जीवनरक्षा गर्नुपर्ने आवश्यकता हुन्छ। विस्थापनले आम मानिस एवं पर्यावरणलाई प्रभाव पार्ने भएकोले यस्तो अवस्थामा विस्थापित क्षेत्रमा भिडभाड पनि हुने गर्दछ। त्यस्तो बेला बालबालिका आफ्नो अभिभावकबाट अलग्गिने वा एक्लिने, आपत्कालीन सहायताको पहुँचबाट टाढा रहने सम्भावना रहन्छ। विशेष गरी आफ्नो स्थानबाट अन्य स्थानमा गएको अवस्थामा मानवीय सहायता प्रदान गर्ने संघ संस्थालाई उनीहरू गएको नयाँ स्थानबारे जानकारीको अभाव वा विस्थापितको दर्ता अभिलेख नभएको खण्डमा मानवीय सहायता पुऱ्याउन कठिन हुन्छ। विस्थापितप्रति कहिलेकाही आश्रय प्रदान गर्ने समुदायको नकारात्मक दृष्टिकोण भएको खण्डमा विस्थापित र आश्रय प्रदान गर्ने समुदाय बीच आपसी द्वन्द्व हुने र बसेको स्थानबाट जवर्जस्ती निकाला गर्ने जस्ता समस्या पनि आउन सक्छ। त्यसैले, यस किसिमका समस्यामा ध्यान दिई विस्थापित र आश्रय प्रदान गर्ने समुदायवीच सुमधुर सम्बन्ध कायम राख्न महत्त्वपूर्ण हुन्छ।

### २.२.५ सुरक्षा र संरक्षणको अधिकारको सवाल

विपद् अथवा द्वन्द्वको परिस्थितिमा शरणार्थी तथा आन्तरिक रूपमा विस्थापित व्यक्तिको संरक्षण तथा सुरक्षा विशेष मानवीय सरोकारका विषय हुन्। यदि विपद्ले पार्ने असर लम्बिएको खण्डमा राज्यले त्यस्ता विस्थापित वा शरणार्थीको रूपमा बसिरहेका मानिसको आवश्यकता पूरा गर्ने र मर्यादासहितको जीवन जिउनमा सहयोग गर्नु पर्दछ। राज्यले सम्पूर्ण सुरक्षा र संरक्षणका विभिन्न उपायबारे विचार गर्नुपर्दछ। राज्यले आफ्नो दायित्त्वअन्तर्गत अन्तर्राष्ट्रिय सहयोग लिएर विपद् प्रभावितको संरक्षण तथा सुरक्षाको अधिकारको प्रत्याभूति गर्नुपर्दछ। त्यसमा सघं, संस्थाले ती विस्थापितको जीवन रक्षा गर्न र मर्यादापूर्ण जीवनयापनका लागि पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रममा सहयोग गर्नुपर्दछ।

### २.२.६ कानुनी शासन तथा न्यायमा पँहुचका सवाल

विपद्को समयमा प्रभावितको जनजीवन अस्तव्यस्त हुने र आवश्यक सेवासुविधाको अभाव हुने गर्दछ। राज्यसँग भएको सुरक्षा संयन्त्र पनि जनशक्तिको अभाव हुने, दण्डहीनताले प्रश्रय पाउने र सर्वसाधारणका लागि न्यायमा पहुँच प्राप्त गर्नलाई समस्या उत्पन्न हुन सक्दछ। यस्तो अवस्थामा समुदायको सक्रियतामा राज्यको सम्बन्धित संयन्त्रलाई कानुनको पालना गराउन र न्यायमा पहुँच वृद्धि गर्न सबै सरोकारवालाको सहयोग आवश्यक पर्दछ।

### २.२.७ अपाङ्गता, ज्येष्ठ नागरिक तथा बिरामीका सवाल

विपद्को समयमा सबैभन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरू (पूर्ण अशक्त अपाङ्ग, अपाङ्गता, दृष्टिविहीन, बहिरा, बौद्धिक, बहु स्पाइनल सम्बन्धी बिरामी, ज्येष्ठ नागरिकहरू सबैभन्दा उच्च जोखिम हुन सक्ने भएकाले उनीहरूको विशेष ख्याल गरिनुपर्दछ। उनीहरूलाई उच्च प्राथमिकता दिएर मानवीय राहत तथा पुनर्स्थापनामा ध्यान दिनुपर्दछ।

## २.३ संरक्षण रणनीति

### २.३.१ विपद् प्रभावित क्षेत्रमा मानव अधिकार उलङ्घनका घटनाको अनुगमन र प्रतिवेदन

- मानवअधिकार उलङ्घनका घटना र संरक्षणसँग सम्बन्धित सूचना संङ्कलन गर्ने।
- प्रभावित जनसंख्याको संरक्षणका लागि आवश्यक पर्ने सेवाहरूको पहिचान गर्ने।
- सरकार र सरोकारवाला निकायहरूमा एकीकृत सेवा प्रदानका लागि आवश्यक सूचना आदानप्रदान गर्ने।
- अभिलेखन भएका मानव अधिकार उलङ्घनका घटनालगायत बाल संरक्षण, लैङ्गिक हिंसा र विस्थापितका सवाल सम्बोधन भए नभएको सुनिश्चितता गर्न सिफारिस प्रणालीको प्रवर्धन गर्ने।

### २.३.२ जीवन रक्षाको लागि संरक्षण सम्बन्धी क्रियाकलापमा समन्वय

- विस्थापित क्षेत्रमा महिला, बालबालिका तथा अपाङ्गतामैत्री अल्पकालीन संरचनाका लागि पैरवी गर्दै सो वर्गलाई प्राथमिकता दिने कार्यको प्रवर्धन गर्ने।
- महिला, बालबालिकाको लागि पूर्व सञ्चालित बालसंरक्षण एवं कल्याणकारी कार्यक्रमलाई निरन्तरता गर्नका लागि जोड दिने र परिवारबाट अलग्गिएका/एक्लिएका बालबालिकाको परिवारको पहिचान गर्न समन्वय गर्ने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका विभिन्न संरक्षणसम्बन्धी कार्यमा अन्य विषयगत क्षेत्र तथा सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने र लैङ्गिक हिंसा तथा विभेदको लागि शून्य सहनशीलता नीतिको प्रवर्धन गर्ने।

### २.३.३ संरक्षणका सवाललाई अन्य विषयगत क्षेत्रमा मूलप्रवाहीकरण

- सबै विषयगत क्षेत्रमा संरक्षणका सिद्धान्त अनुरूप संरक्षणका सवाललाई मूलप्रवाहीकरण गर्ने।
- विना भेदभाव, समान पहुँच र गुणस्तरीय मानवीय सहायता उपलब्धताको सुनिश्चित गर्ने।
- प्रभावित क्षेत्रमा मानवीय सहायताका कार्यक्रमबारे जानकारी गर्न गराउन सूचना सम्प्रेषण प्रणाली र संरक्षण सञ्जाल स्थापना गर्न सहयोग गर्ने।
- संरक्षणका सवालमा सचेतना जगाउने।

### २.३.४ हिंसा, दुर्व्यवहार, शोषण र विभेदका घटनाको रोकथाम तथा प्रतिकार्य

- अन्य विषयगत क्षेत्रको समन्वयमा परिवारबाट एक्लिएका वा अलग्गिएका वा अभिभावक विहीन भएका बालबालिकालाई पारिवारिक पुर्नमिलन सहित अन्य आवश्यक सहयोग गर्ने।
- गर्भवती, सुत्केरी तथा स्तनपान गराइरहेका महिलाको लागि विशिष्टिकृत सेवाका लागि सहयोग गर्ने।
- मानसिक स्वास्थ्य तथा मनोवैज्ञानिक प्राथमिक सहयोग र मनोसामाजिक मनोविमर्शका लागि सहयोग गर्ने।

### २.३.५ प्रदेश तथा स्थानीय तहको संरक्षण संयन्त्रको सुदृढीकरण र क्षमता अभिवृद्धि

- स्रोतसाधन र सञ्जालको परिचालन गरी हराएका वा नष्ट हुन लागेका कागजपत्रको पुनःप्राप्तिका लागि सहजीकरण गर्ने।

- संरक्षण संयन्त्रको परिचालन गर्दै न्यायमा पहुँच पुऱ्याउन क्षमता विकास र सुदृढीकरण गर्न सहयोग गर्ने।
- विस्थापित क्षेत्रमा स्थानीय संरक्षण र सुरक्षाका लागि आवश्यक पैरवी गर्ने।

परिच्छेद - ३

# प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण

## ३.१ प्रकोप विश्लेषण

नेपाल प्राकृतिक प्रकोपको दृष्टिकोणबाट भूकम्प, मनसुनजन्य र अन्य विपद्को जोखिमयुक्त देश भएकोले कर्णाली प्रदेश पनि अति जोखिम भएको प्रदेशको रूपमा लिन सकिन्छ। भौगोलिक अवस्थिति र हावापानीको दृष्टिकोणले यो प्रदेश विपद्को उच्च जोखिममा रहेको छ। कर्णाली प्रदेशमा सबैभन्दा बढी आगलागी र पहिरोजन्य जोखिम भएको पाइन्छ भने सुर्खेतलगायत केही समथर भूमिमा बाढीजन्य जोखिम पनि देखिन्छ। कर्णाली प्रदेशको असोजदेखि चैत्र २०७९ सम्मको तथ्याङ्क विश्लेषणका आधारमा विपद्का घटना क्रमशः आगलागी - ४३, पहिरो - ३३, भूकम्प (४), बाढी (४), चट्याङ (४), भारी वर्षा (५) र हिमपातका (१) घटनाले आम मानिसको जनजीवनमा गम्भीर प्रभाव पारेको देखिन्छ। उक्त विपद्का घटना कालिकोट (२१), त्यसपछि दैलेख (१७), सुर्खेत (१४) जुम्ला (११) र अन्य ६ जिल्लामा (२ देखि १०) वटा विपद्का घटना भएका छन्।

कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा भौगोलिक दृष्टिकोणले ठूलो तर जनसांख्यिक हिसाबले कम जनसंख्या भएको प्रदेश हो। यस प्रदेशमा विद्यमान सामाजिक हानिकारक सामाजिक अभ्यास, जातीय विभेद, लैङ्गिक विभेद, असमानता र गरिबीका समस्याले प्राकृतिक विपद्को जोखिममा थप जोखिम बढाएको छ। जोखिम न्यूनीकरणका उपाय समयमै कार्यान्वयन भएन भने त्यसको नकारात्मक असर लामो समयसम्म रहन्छ।

यस प्रदेशमा २०६६ मा जाजरकोट जिल्लाबाट फैलिएको हैजा, २०७४ को बाढी, २०७७ देखि २०७८ सम्म कोभिड-१९ र २०७९ असोजमा आएको भारी वर्षाका कारणले आएको बाढी तथा पहिरोले यस प्रदेशलाई मानवीय क्षतिका साथसाथै भौतिक तथा आर्थिक रूपले नराम्रो प्रभाव परेको देखिन्छ। २०६७ पौष देखि २०७८ चैत्रसम्मको विपद्को तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी पहिरोले १९२ जनाको ज्यान गएको छ भने अनुमानित रु.१०,०६१,७४५,८१८ बराबरको क्षति भएको तथ्याङ्कले स्पष्ट गर्दछ।

## ३.२ सङ्कटासन्नता विश्लेषण

कर्णाली प्रदेश नेपालको सात ओटा प्रदेशमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो, जनसंख्याको हिसाबले सबैभन्दा कम, गरिबीको दर सबैभन्दा उच्च रहेको, विकास सूचकाङ्कका आधारमा सबै भन्दा पछाडि परेको र विपद् जोखिमको हिसाबले सबैभन्दा उच्च जोखिममा रहेको प्रदेश हो। यस प्रदेशमा विगतमा आएका विपद्का घटनाले गरेको क्षति र विद्यमान विपद्को जोखिमका आधारमा कालिकोट, दैलेख र सुर्खेत जिल्ला उच्च सङ्कटासन्न भएको; जाजरकोट, रुकुम पश्चिम र सल्यान सङ्कटासन्न

भएको; हुम्ला, मुगु र जुम्ला जिल्ला मध्यम सङ्कटासन्न; र डोल्पा जिल्ला न्यून सङ्कटासन्न भएको जिल्लामा पर्दछ। विपद् अत्यावश्यकीय सेवामा असमान वितरणका साथै सेवा प्राप्तमा पहुँचको कमी हुने जस्ता समस्याले सङ्कटासन्नता उत्पन्न गराउँदछ। आर्थिक विपन्नता, सुशासनको कमी र जवाफदेहिताको अभावमा सङ्कटासन्न समूह झनै पछाडि पारिन्छन् जसले गर्दा उक्त वर्ग मानवीय सेवा सुविधाबाट बञ्चित हुन्छन्।

## ३.३ विपद् क्षमता विश्लेषण

प्रदेशको विपद् पूर्वतयारी तथा प्रतिकार्यको क्षमता कस्तो छ भन्ने सन्दर्भमा प्रदेशअन्तर्गत रहेका दश जिल्ला र प्रदेशमा क्रियाशील विषयगत क्षेत्र तथा मानवीय संघसंस्थाको समग्र क्षमताले निर्धारण गर्दछ। विपद् पूर्वतयारी तथा प्रतिकार्यको क्षमताअन्तर्गत मूलभूत रूपमा पूर्वतयारी तथा प्रतिकार्य गर्नलाई संस्थागत संरचना, विपद् व्यवस्थापनसम्बन्धी आवश्यक कानुन, नीति नियम, समग्र रूपमा तयार भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनको लागि उपलब्ध स्रोतसाधन आदिको विश्लेषण गर्न आवश्यक हुन्छ।

यस सन्दर्भमा, कर्णाली प्रदेशको विपद् व्यवस्थापनको लागि आवश्यक संरचना, नीति र सोही बमोजिम कार्यक्रम तथा योजना बनेको अवस्था देखिन्छ। समग्रतामा हेर्दा यस कर्णाली प्रदेशमा विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समिति सक्रिय रहेको अवस्था देखिन्छ। प्रदेश तहमा विविध प्रकारका नियमावली तथा निर्देशिका बनेका छन् भने स्थानीय तहमा ऐन, नियम तथा निर्देशिका बन्ने क्रममा रहेका छन्। विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि प्रदेश र जिल्ला तथा अधिकांश स्थानीय तहमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना हुनुका साथै आपतकालीन प्रयोजनका सामग्री भण्डारणको लागि गोदाम घरको व्यवस्थापन र आपत्कालीन कोषको प्रबन्ध भएको अवस्था छ।

प्रदेश स्तरमा संरक्षण विषयगत क्षेत्र क्रियाशील रहेको छ भने जिल्लामा र स्थानीय तहमा संरक्षण विषयगत क्षेत्रका समिति बन्ने क्रममा रहेका छन्। त्यसैगरी, यस कर्णाली प्रदेशमा सुर्खेत एयरपोर्ट सहित आन्तरिक एयरपोर्ट (४) वटा भएसँगै विपद् प्रतिकार्यमा लागि तत्काल राहत तथा उद्धार कार्यका लागि प्रदेश सदरमुकाम, वीरेन्द्रनगर, ईत्राममा मानवीय सहायता स्थल (Humanitarian Staging Area) निर्माण गरी आवश्यक राहत तथा उद्धार सामग्रीहरू भण्डारण गरिएको अवस्था रहेको छ। त्यसैगरी नेपाल रेडक्रस सोसाइटीको गोदाम घर वीरेन्द्रनगरमा हुनुका साथै प्रत्येक जिल्ला शाखाहरूमा खाद्य तथा गैरखाद्य सामग्री भण्डारण गरिएको छ।

परिच्छेद - ४

# प्रकोपको परिदृश्यमा आधारित जोखिम विश्लेषण र पूर्वतयारी तथा प्रतिकार्य योजना

## ४.१ भूकम्प

### ४.१.१ भूकम्पको सन्दर्भ

कर्णाली प्रदेशको विकट भौगोलिक बनोट र मौसमी प्रतिकूलताले गर्दा विपद्का घटना बारम्बार भइ रहन्छन्। वर्षाको प्रकृति एवं प्रवृत्ति, प्राकृतिक स्रोतको जथाभावी उत्खनन्, मापदण्डविनाका विकास कार्य र प्रकृति अनुकूलको विकास कार्यक्रमको अभावले गर्दा बाढी, पहिरो, हिमपहिरो तथा मनसुनजन्य विपद्का घटनामा वृद्धि भएर अधिकांश जनसंख्यालाई प्रभावित पार्ने क्रम बढ्दो छ। यस प्रदेशमा बाढी, पहिरो, आगलागी, अतिवृष्टि, चटयाङ, हावाहुरी, हिमपात जस्ता प्रकोप बारम्बार घटिरहेका छन्।

नेपालको संवेदनशील भूबनोट तथा कमजोर सामाजिक तथा आर्थिक अवस्था, कम गुणस्तरीय निर्माण प्रकृया, अव्यवस्थित भूउपयोग एवं सहरीकरण र विपन्नता जस्ता कारणले गर्दा भूकम्पीय जोखिमको दृष्टिकोणले नेपाल विश्वमा एघारौं स्थानमा रहेको छ। नेपाल सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले जहिले पनि ठूला भूकम्प जान सक्ने सम्भावना छ। बीसौं शताब्दीमा मात्र हिमालय क्षेत्रमा आठ म्याग्नेच्यूड भन्दा ठूला तीन ओटा विनाशकारी महाभूकम्प गएका छन्। उदाहरणको लागि सन् १९०९ को काँगडा भूकम्प, सन् १९३४ को (विक्रम सम्वत् १९९०)को विहार नेपाल भूकम्प र सन् १९५० को आसाम भूकम्प रहेका छन्। त्यसै गरी २०७२ को गोर्खाको बारपाक केन्द्र बिन्दु बनाएर गएको भूकम्प पनि ठुलो रहेको थियो जसले ठूलो जनधनको क्षति गरेको थियो।

नेपालको मध्य तथा सुदूरपश्चिम क्षेत्रमा लामो समयदेखि ठूलो भूकम्प गएको रेकर्ड छैन। पछिल्लो ५० वर्षको अवधिमा २०३७ साल श्रावण १४ गते राती बझाङको चैनपुर आसपास केन्द्रबिन्दु बनाएर गएको ६.५ रेक्टर स्केलको भूकम्प नै यस क्षेत्रमा पछिल्लो समयमा रेकर्ड भएको ठूलो भूकम्प हो। यो भूकम्पले सुदूरपश्चिमका जिल्लाहरू प्रभावित भएका थिए। यस भूकम्पबाट ४६ जनाको मृत्यु भएको थियो। विगत लामो समयदेखि वर्तमान कर्णाली प्रदेशमा भूकम्पीय प्रकोपको घटना नभएको देखिएतापनि भौगर्भिक अवस्थिति एवं भूक्रियाशीलताको हिसाबले सिंगो नेपाल नै भूकम्पीय जोखिमको दृष्टिकोणले अति संवेदनशील क्षेत्रमा अवस्थित छ। भूकम्पीय परिदृश्यका आधारमा कर्णाली प्रदेशका चारओटा जिल्ला जाजरकोट, कालिकोट, दैलेख र सुर्खेत जिल्ला उच्च जोखिममा पर्दछन। उच्च सहरिकरणका दृष्टिकोणले कर्णाली प्रदेशका दश ओटा जिल्लामध्ये सुर्खेत जिल्ला उच्च जोखिममा रहेको छ। भूकम्प अन्य प्रकोप जस्तो बारम्बार नदोहोरिने तर कुन समय र कति सघनतामा आउँछ भन्ने अनुमान गर्न नसकिने, आएपछि छोटो अवधिमा ठूलो क्षेत्र र धेरै जनसंख्यालाई प्रभावित गर्ने र ठूलो आर्थिक नोक्सानी पुऱ्याउने प्रकोप भएकोले हाम्रो जस्तो उच्च

भूकम्पीय जोखिममा रहेका मुलुकको लागि भूकम्पीय जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकतामा राखेर सोही अनुरूप पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन आवश्यक रहेको छ।

### ४.१.२ भूकम्पको अनुमानित परिदृश्य

कर्णाली प्रदेशभित्र कुनै स्थानलाई केन्द्रबिन्दु भएर ७.८ म्यागनिटियूडको भूकम्प गएको खण्डमा ४,२३८ घरहरू ध्वस्त हुने र २४,०६६ घरहरू पूर्ण क्षति हुने अनुमान गरिएको छ। उक्त भूकम्पका कारण ४०० व्यक्तिको मृत्यु ४,००० घाइते हुने र २८,००० घरपरिवारका १००,००० जनसंख्या प्रभावित हुने अनुमान छ। उक्त भूकम्पबाट ६९,२३९ महिला,४१,८४० बालबालिका, ३९,१२० प्रजनन उमेरका महिला (१५ देखि ४९), ७,१५६ गर्भवती तथा स्तनपान गराइरहेका महिला, २,६८९ अपाङ्गता भएका व्यक्ति र १३,४३१ पाँच वर्षमुनिका बालबालिका प्रभावित हुनेछन्।

### ४.१.३ भूकम्प पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्भावित चुनौती

- एयरपोर्टमा बाहिरबाट आउने राहत सहयोगको व्यवस्थापन गर्न सीमित क्षमता हुने तथा सडक पहिरोका कारण अवरुद्ध हुने र सडक खुलाउन समय लाग्ने भएकोले राहत सहयोग सहज रूपले व्यवस्थापन गर्न कठिनाई उत्पन्न हुने।
- केही हप्ता दिन भित्र स्वतःस्फूर्त रूपमा अव्यवस्थित पुनर्स्थापना एवम् पुनर्निर्माण कार्यको सुरुआत हुने र निर्माण सामग्रीलगायत दक्ष कामदारको अभाव हुने।
- दैनिक उपभोग खाद्यान्नको अभाव हुने।
- शिक्षा, स्वास्थ्य, इन्धन, यातायात, खानेपानी सेवा प्रवाहमा अवरोध हुने।
- व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ व्यवहारमा कमी आउने।
- ५ वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलामा शीघ्र कुपोषणको प्रकोप बढ्ने।
- खुला स्थानमा विस्थापितको अत्यधिक भिड लाग्ने।
- हिंसा, दुर्व्यवहार, शोषण र मानव ओसारपसारका घटना बढ्ने।
- विशेष अवस्थाका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी र ज्येष्ठ नागरिकहरूको आधारभूत सेवामा पहुँचको कमी हुने।
- महिला, बालबालिका, अपाङ्गतामैत्री संरचनाहरूको कमी हुने।
- सबैका लागि पहुँचयोग्य सार्वजनिक संरचनाको कमी हुने।

### ४.१.४ भूकम्पको पूर्वतयारी तथा प्रतिकार्य रणनीति

संरक्षणको सम्बन्ध प्राकृतिक विपद् कारणबाट प्रभावित मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारसँग अन्तर्निहित छ। त्यस कारण, संरक्षणअन्तर्गत मानवीय कार्यमा क्रियाशील निकायहरूले विनाभेदभाव व्यक्तिका अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने कार्यको सुनिश्चितता गर्न आवश्यक हुन्छ। संरक्षणको सम्बन्ध हिंसा, जबर्जस्ती तथा जानाजान गरिने वञ्चितिबाट मानिसलाई सुरक्षित राख्नका लागि क्रियाकलापको सञ्चालन गर्ने कार्यसँग सम्बन्धित हुने भएकोले मानवीय प्रतिकार्य गर्दा प्रभावित व्यक्तिका सम्पूर्ण सवाल र हुन सक्ने जोखिमको बारेमा थाहा पाउनुपर्दछ जसले गर्दा सवालको सम्बोधन गर्न सरल र सहज हुन्छ।

### ४.१.५ भूकम्पको सामना गर्न आवश्यक तथा विद्यमान क्षमता विश्लेषण

माथि उल्लिखित भूकम्पको अनुमानित परिदृश्यमा मानव अधिकार हननका पीडितहरूको जीवन सहज र सरल पार्न संरक्षण समूहको महत्त्वपूर्ण भूमिका रहन्छ। भूकम्पका कारणले विस्थापित क्षेत्रमा विभिन्न प्रकारका हिंसा, दुर्व्यवहार र मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू हुन सक्छन्। त्यस्ता पीडितको अधिकारहरूको पूर्ण रूपले संरक्षण गर्ने दायित्त्व राज्यको हुन्छ। संरक्षण अन्तर्गत मानवीय तथा मानव अधिकार सम्बन्धी क्रियाशील निकायहरूले पनि आफ्ना सम्पूर्ण क्रियाकलापहरू संरक्षणमुखी भएको सुनिश्चिता गर्नुपर्दछ। संरक्षणका प्रतिकार्य क्रियाकलाप विनाभेदभाव सबै सङ्कटासन्न समूहलाई पहुँच गर्न सहज र सरल भएको सुनिश्चित गर्नुपर्दछ। उक्त क्रियाकलापका लागि सर्वप्रथम राज्यका सबै तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक स्रोत साधन, आवश्यक राहत सामग्री र दक्ष मानवीय जनशक्तिको व्यवस्थापन गर्नसमेत आवश्यक हुन्छ।

### ४.१.६ भूकम्पको सामना गर्न आवश्यक पूर्वतयारी योजना

पूर्वतयारी योजनाअन्तर्गत विशेष गरी संरक्षणका सवाललाई आपत्कालीन आवास, स्वास्थ्य र खानेपानी, सरसफाइ तथा स्वच्छता विषयगत क्षेत्रलगायत अन्य विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्नुपर्दछ। संरक्षणसँग सम्बन्धित सरोकार निकायको पहिचान गरी सो संस्थामा उपलब्ध स्रोत (जनशक्ति, आपत्कालीन राहत सामग्री, प्रविधि एवम् महत्त्वपूर्ण सिकाइ आदि) बारे अग्रिम छलफल गरी उक्त स्रोत साधनको व्यवस्थापन एवं भण्डारण गर्नुपर्दछ। सरोकारवाला संस्थाको क्षमता अभिवृद्धि, साझेदारी, सेवा नक्साङ्कन, समुदायमा आधारित सञ्जाल, सञ्चार र समन्वय संयन्त्रबारे पूर्वतयारी गर्नुपर्दछ। पूर्व तयारी तथा प्रतिकार्य योजनाका मुख्य क्रियाकलापहरू देहायबमोजिम छन्ः

## पूर्व तयारी तथा प्रतिकार्य योजनाका मुख्य क्रियाकलाप

| क्र.स. | पूर्वतयारीका मूख्य क्रियाकलाप |
|---|---|
| १ | भूकम्प पूर्वतयारीका लागि जोखिम तथा सङ्कटासन्नता विश्लेषण गर्ने। |
| २ | प्रदेशमा उपलब्ध संरक्षणसँग सम्बन्धी जनशक्तिको लेखाजोखा गर्ने र आवश्यकताअनुसार तत्काल परिचालन गर्न सूची तयार गर्ने। |
| ३ | संरक्षण विषगत क्षेत्रको तथ्याङ्क सङ्कलन तथा सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने। |
| ४ | बालबालिकाको लागि मनोरञ्जन सामग्री, बालबालिका किट, किशोरी किट, मर्यादा किटलगायत बालबालिका र महिलामैत्री अल्पकालीन आवास तथा मानसिक स्वास्थ्य तथा मनोसामाजिक क्रियाकलापका लागि चाहिने सामग्रीको अग्रिम भण्डारण गर्ने। बालपोषणमा समेत ध्यान दिने। |
| ५ | परिवारबाट अलग्गिएका/एक्लिएका वा हराइरहेका व्यक्तिको खोजी तथा पुर्नमिलन सम्बन्धी तालिमको आयोजना गर्ने। |
| ६ | सूचना व्यवस्थापन प्रणालीसम्बन्धी संरक्षण विषयगत क्षेत्रका संघ संस्थाहरूलाई तालिम दिने। |
| ७ | भूकम्पसँग सम्बन्धित आधारभूत प्राथमिक उपचार तालिम, मनोवैज्ञानिक प्राथमिक सहयोग तालिम, खोज तथा उद्धारसम्बन्धी तालिममा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सहभागिता सुनिश्चित गर्न सहजीकरण गर्ने। |
| ८ | हिंसा, दुर्व्यवहार, शोषण, हेला र भेदभावबाट संरक्षण गर्न सचेतना कार्यक्रमका लागि स्थानीय भाषामा संरक्षणसम्बन्धीका सेवाहरूको जानकारीका सूचना शिक्षा सञ्चार सामग्री तयार गर्ने। |
| ९ | बाल कल्याण अधिकारी, वडा तथा पालिकास्तरीय बाल अधिकार समितिहरूलाई घटना व्यवस्थापन तथा बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम दिने। |
| १० | संरक्षणसम्बन्धी कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा महिला, किशोर किशोरीलगायत जोखिममा परेका समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने। |
| ११ | अग्रपंक्तिमा रहेर संरक्षण सेवा प्रदान गर्नेहरू तथा सेवा प्रदायकहरूको क्षमता अभिवृद्धिका गतिविधिहरूमा यौन शोषण र दुर्व्यवहार सुरक्षासम्बन्धी सत्रलाई समावेश गर्ने। |
| १२ | आकस्मिक अवस्थामा शिक्षा (सूचीकृत अनुसूचीमा अपडेट गर्ने। |
| १३ | दीर्घरोगीहरूको सूची सङ्कलन गरी अत्यावश्यक औषधीको प्रबन्ध मिलाउने। |
| १४ | सञ्चारकर्मी तथा प्रहरीहरूलाई विपद्को अवस्थामा संरक्षणको सवालमा रिपोर्टिङ्ग गर्न तालिम दिई परिचालनको लागि समन्वय र सहकार्य गर्ने। |

### ४.१.७ भूकम्पको सामना गर्न आवश्यक प्रतिकार्य योजना

भूकम्पको प्रारम्भिक प्रभावका साथसाथै भूकम्प प्रभावित क्षेत्रमा मानिसहरूको धनजनको क्षति तथा अत्यावश्यक सेवाहरू र सहयोगी संयन्त्रहरू अवरुद्ध भएको अवस्था हुनेछ। पहिले भइरहेका जोखिममा थप जोखिमहरू सिर्जना हुनेछन्। विस्थापितहरूको  संख्या ठूलो मात्रामा हुने भएकोले विस्थापित क्षेत्रमा भिडभाड भएको अवस्था आउने छ।

भूकम्पले सिर्जित विपद्बाट प्रभावित व्यक्ति दुर्गम स्थानमा गएर बस्नुपर्ने वाध्यता हुने छ जसले गर्दा आपत्कालीन राहत सामग्री तथा सेवाहरूमा पहुँचको कमी हुन गई थप जोखिममा पर्न सक्नेछन्। विपद्का जोखिमहरूको फाइदा लिएर ओसारपसारका घटनाले प्रश्रय पाउने र त्यसमा महिला र बालबालिकाहरू बढी जोखिममा पर्न सक्नेछन्।

| क. सं. | प्रतिकार्यका मुख्य क्रियाकलाप |
|---|---|
| प्रथम चरण : १ देखि २ हप्तासम्म | |
| १ | प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्रको  आकस्मिक बैठक गर्ने। |
| २ | संरक्षण विषयगत क्षेत्रसम्बन्धी आवश्यक खण्डीकृत सूचना सङ्कलन गर्ने। |
| ३ | प्रभावित क्षेत्रमा विशेष अवस्थाका महिला विशेष गरी सुत्केरी तथा गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई खाद्य सामग्रीका साथै किशोरी किट, मर्यादा किट र कपडाहरू उपलब्ध गर्ने। |
| ४ | भूकम्प प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक मनोविमर्श सहयोग प्रवाहका लागि मानसिक स्वास्थ्य मनोसामाजिक मनोविमर्शहरूको सञ्जाललाई पुनःक्रियाशील बनाउन परिचालन गर्ने। |
| ५ | प्रभावित क्षेत्रमा लैङ्गिक हिंसापीडितको लागि महिलामैत्री सुरक्षित आवासको सुनिश्चितता गर्ने। |
| ६ | अन्य विषयगत क्षेत्रमा संरक्षणका सवालको मूलप्रवाहीकरण भए नभएको सुनिश्चित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जाँचसूचीको माध्यमवाट अनुगमन गर्ने। |
| ७ | लैङ्गिक हिंसापीडित वा बलात्कारबाट प्रभावित व्यक्तिहरूलाई न्यूनतम प्रारम्भिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। |
| ८ | संरक्षणसम्बन्धी विभिन्न सवाललाई सुसूचित गर्न सञ्चार माध्यम, समुदायमा आधारित संयन्त्रहरूको प्रयोग गरी व्यापक सूचना सम्प्रेषण गर्ने। |
| ९ | विस्थापित क्षेत्रमा हराइरहेका व्यक्ति, परिवारबाट एक्लिएका वा अलग्गिएका र अभिभावकविहीन बालबालिकाको अभिलेख राख्न, अनुगमन गर्न आवश्यक मानवीय स्रोतको परिचालन गर्ने। |

| | |
|---|---|
| १० | महिला तथा बालबालिका उपर हुने लैङ्गिक/यौन हिंसालगायत अन्य प्रकारका हिंसा, हानिकारक अभ्यास, शोषण र दुर्व्यवहार विरुद्ध सचेतना जगाउने र आपत्कालीन सहयोगका लागिः बाल हेल्पलाइन (१०९८), लैङ्गिक हिंसा हेल्पलाइन (११४५), बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), नेपाल प्रहरी सहयोग हेल्पलाइन (१००) तथा ट्राफिक प्रहरी सहयोग (१०३) लगायत अन्य संरक्षणका सेवाहरूबारे पनि जानकारी गराउने। |
| ११ | महिला तथा बालबालिकामा हुन सक्ने हिंसा, शोषण तथा दुर्व्यवहार कम गर्नका निमित्त आवश्यक सन्देशमूलक (सूचना, शिक्षा तथा सञ्चार) सामग्री निर्माण तथा प्रचार प्रसार गर्ने। |
| १३ | बालगृह, हिरासत केन्द्र, मानसिक सुधार केन्द्रलगायत वृद्धाश्रममा संरक्षण केन्द्रित भूकम्प पछिको लेखाजोखा गर्ने। |
| दोश्रो चरण : ३ देखि ४ हप्ता सम्म | |
| १ | परिवारबाट एक्लिएका वा अलगिएका वा संरक्षण विहीन बालबालिकालाई आपत्कालीन उद्धार गर्ने। त्यस्ता बालबालिकालाई पुनर्स्थापनासहित संरक्षणका आवश्यक सहयोग उपलब्ध गराउन सहयोग गर्ने। |
| २ | लैङ्गिक हिंसा, हानिकारक सामाजिक अभ्यास र ओसारपसार जस्ता मानव अधिकार हननका घटना रोकथामका लागि पीडित केन्द्रित यौन तथा प्रजनन् स्वास्थ्य हेरचाह, मनोसामाजिक मनोविमर्श तथा थप मानसिक उपचारको आवश्यकता भएकालाई सम्बन्धित निकायमा सिफारिस सेवा र सुरक्षित आवास सेवा प्रदान गर्ने। |
| ३ | विस्थापित क्षेत्रमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको लागि किशोरी किट, मर्यादा किट, मनोरञ्जन सामग्री लगायत आवश्यक कपडाहरू वितरण गर्ने। |
| ४ | आवश्यकताका आधारमा महिला, बालबालिका र अपाङ्गतामैत्री संरचना निर्माणका लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने। |
| ५ | बालबालिका तथा किशोरकिशोरीहरूमा बढ्दै गएको लैङ्गिक हिंसाका कारणहरूको पहिचान गरी सो को समाधानका उपायहरू तय गर्न सहयोग गर्ने। |
| ६ | व्यक्तिमा उत्पन्न हुने विभिन्न खालका तनावको पहिचान गरी सोको उचित व्यवस्थापन गर्न समुदायमा आधारित मनोसामाजिक सचेतनामार्फत सकारात्मक व्यवहार परिवर्तनका लागि हेल्पलाइन तथा अन्य विशिष्टीकृत सेवा प्रदायक संस्थासँग समन्वय गरी सेवामा पहुँच सुनिश्चित गर्ने। |
| ७ | परिचयपत्र हराएकाहरूका लागि प्रतिलिपि निकाल्न सहजीकरण गर्ने। |

| | |
|---|---|
| ८ | संरक्षण सवालको पहिचान गरी उक्त सवालको सम्बोधन गर्न संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। |
| ९ | बालबालिकाको लागि खेलकुद तथा मनोरञ्जनसम्बन्धी सामग्री वितरण गर्ने। |
| १० | आधारभूत यौन प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा र यौन दुर्व्यवहारसम्बन्धी सचेतनाका लागि सूचना केन्द्रको स्थापना गर्ने। |
| ११ | सीमा नाकामा बेचबिखन तथा ओसारपसार रोकथाम र उद्धारका लागि निगरानी गरी सोबाट प्रभावित व्यक्तिलाई पुर्नमिलन गराउन सहयोग गर्ने। |
| १२ | संरक्षण सेवालाई दोहोरोपना हुन नदिन प्रदेश तथा स्थानीय तहका संयन्त्रहरूसँग प्रभावकारी समन्वय र परिचालन गर्ने। |
| १३ | समुदायमा आधारित मनोसामाजिक मनोविमर्श सेवा र विशिष्ट मानसिक स्वास्थ्य सेवा बीचको सम्बन्ध विस्तारमा सहयोग गर्ने। |
| तेश्रो चरण : २ देखि ३ महिनासम्म | |
| १ | सिमान्तकृत समूह तथा लैङ्गिक हिंसा प्रभावित बालबालिका, महिला तथा अपाङ्गताहरूलाई जीविकोपार्जन र नगद हस्तान्तरण कार्यक्रममा जोड्न सहयोग गर्ने। |
| २ | समुदायमा आधारित रिपोर्टिङ्ग संयन्त्रको स्थापना र विस्तार गर्ने। |
| ३ | विस्थापित क्षेत्रमा र समुदायमा मनोसामाजिक मनोविमर्श सेवालगायत अन्य आवश्यक सेवाहरूको विस्तार गर्ने। |
| ४ | घटना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनमा जोड दिने। |
| ५ | लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूका लागि उमेर, लिङ्ग र संस्कृति संवेदनशील बहुक्षेत्रीय कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने। |
| ६ | संरक्षण सेवाका लागि सम्प्रेषण प्रणालीको सुदृढीकरण गरी उपयुक्त सेवामा पहुँच पुऱ्याउने। |
| ७ | सञ्चारकर्मीहरूलाई लैङ्गिक हिंसा, बालविवाह तथा हानिकारक अभ्यासहरूको रिपोर्टिङ्गका लागि क्षमता अभिवृद्धि गर्ने। |
| ८ | प्रभावितहरूको पुनर्स्थापना, जीविकोपार्जन र दिगो व्यवस्थापनका लागि शीघ्र पुनर्लाभ विषयगत क्षेत्रसँग समन्वय र सहजीकरण गर्ने। |
| ९ | उच्च जोखिममा रहेका किशोरकिशोरी एवं बालबालिकाहरूको परिवारलाई जीविकोपार्जनमा सहयोग गर्ने। |
| १० | परिवार वा समुदायमा पुनर्स्थापना हुन नसकेका लैङ्गिक हिंसा प्रभावितहरूलाई दिर्घकालीन पुनर्स्थापना केन्द्रमा आबद्धता गराउने। |

## ४.२ मनसुनजन्य विपद् : बाढी तथा पहिरो

### ४.२.१ बाढी तथा पहिरोको सन्दर्भ

नेपालमा भारी तथा लगातार हुने वर्षा, हिमताल विस्फोट र पहिरो सिर्जित बाँधहरू विस्फोटन हुँदा बाढी आउने गर्दछ। मुख्य नदी बेसिनहरूमा अत्यधिक वर्षा हुँदा ती नदीले बगाएर ल्याएको थिग्रान तराईको समतल भूमिमा थुप्रिनाले पानीको सतह बढ्न गई बाढीको रूप लिने गर्दछ। नदीमा मानव अतिक्रमणका कारण बहाव क्षेत्र साँघुरिँदै जाँदा वर्षातको समयमा तटबन्ध फुट्न गई बाढीको रूप लिने गरेको छ। अव्यवस्थित संरचना निर्माण, नदीको बहाव क्षेत्रमा हुने अतिक्रमण तथा ढल निकासको अभावका कारण सहरी क्षेत्रमा पनि बाढीको प्रकोप बढ्दै गएको छ। भौगर्भिक, भौगोलिक तथा जलवायु अवस्था, वर्षाको प्रकृति एवं प्रवृत्ति, प्राकृतिक स्रोतको ह्रास, र प्रकृतिमा मानव अतिक्रमणका कारण बाढी, पहिरो, हिमपहिरो जस्ता जलवायु तथा मनसुनजन्य प्रकोपका घटना हुने र ठूलो जनसंख्यालाई प्रभावित गर्ने क्रम बढिरहेको छ।

त्यसैगरी कर्णाली प्रदेशका अधिकांश जिल्लाहरू भौगोलिक रूपमा हिमाली तथा पहाडी भूभागमा अवस्थित छन्। यी जिल्लाका भिराला भूभाग, राजमार्ग तथा अन्य सडक खण्डका भिराला भित्ताहरू र नदीहरूले कटान गरी बनाएका भिराला भूखण्डमा पहिरो जान सक्ने देखिन्छ। अव्यवस्थित सहरीकरण, जथाभावी सडक निर्माण कार्य तथा अवैज्ञानिक भूउपयोग, प्राकृतिक स्रोत (रोडा, बालुवा, ढुङ्गा)हरूको अनियन्त्रित उत्खनन लगायतका कारणले कर्णाली प्रदेशका पहाडी भूभाग पहिरोजन्य प्रकोपका हिसाबले जोखिमयुक्त रहेको छ। छोटो समयमा हुने भारी वर्षा तथा बेला बेलामा आउने भूकम्पका कारण पुराना तथा निष्क्रिय भई सकेका पहिरोहरू पुनःसक्रिय हुने गर्दछन्। यसका अतिरिक्त सडक, कुलोलगायत पूर्वाधार विकास गर्दा सम्भावित विपद् जोखिमलाई बेवास्ता गर्ने परिपाटीले पनि पहिरोको जोखिम अझ बढ्दै गएको छ। ढुङ्गा, गिट्टी, बालुवा खानी सञ्चालन गर्दा वातावरणीय तथा विपद् प्रभाव मूल्याङ्कन कडाइका साथ लागु हुन नसक्दा, आवासीय जग्गा विकास तथा निर्माण कार्यमा मेसिन प्रयोग गरी भूबनोट तथा भूआकृतिलाई परिवर्तन गर्नाले र सडक बनाउँदा डोजरको जथाभावी प्रयोगले गर्दा पहिरोको घटना संख्या र आयतन बढाएको छ।

कर्णाली प्रदेशमा मात्र विक्रम संवत् २०६७ पौषदेखि २०७८ फाल्गुण सम्मको विगत ११ वर्षको अवधिमा बाढीका १०० घटना र पहिरोका २५० घटना भएको र त्यसबाट २६६ जनाको मृत्यु, १७६ जना घाइते र १८६ जना बेपत्ता भए। उक्त बाढी तथा पहिरोले १,६४३ घर पूर्ण क्षति र ३,५९८ घर आंशिक क्षति भएको थियो। ४,४७४ घरपरिवार प्रभावित भएका थिए।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना—२०७९ अनुसार नेपालको २३ जिल्लाहरू उच्च जोखिमा पर्दछन् जसमा कर्णाली प्रदेशको सुर्खेत जिल्ला पनि एक हो। यस प्रदेशको ६ वटा जिल्ला क्रमश कालिकोट, मुगु, जुम्ला, हुम्ला, डोल्पा र जाजरकोट पहिरोका जोखिम जिल्लामा पर्दछन् भने दैलेख जिल्ला पहिरोको उच्च जोखिम जिल्लामा पर्दछ।

### ४.२.२ बाढी तथा पहिरोको अनुमानित परिदृश्य

यस प्रदेशको कुनै पनि क्षेत्रमा भारी वर्षा भई सर्वसाधारणको जनजीवनमा गम्भीर प्रभाव पर्ने गरी पहिरोबाट ३५,३३३ जनसंख्या प्रभावित हुने र ८,०८५ घरधुरी प्रभावित भयो भने यसबाट महिला १४,४८६, बालबालिका १२,५०६, किशोरकिशोरी (१०-१९ वर्ष उमेर समूहका) १२,१०० जना, गर्भवती तथा सुत्केरी महिला १,४१३ जना, अपाङ्गता भएका व्यक्ति ५८० उच्च जोखिममा रहने अनुमान गरिएको छ।

### ४.२.३ बाढी तथा पहिरोका सम्भावित चुनौती

- विशेष अवस्थाका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरू बाढी तथा पहिरोबाट प्रभावित हुने।
- यस क्षेत्रमा कार्यरत जनशक्तिको अभाव हुने।
- प्रभावित व्यक्तिहरूको पहिचान खुलाउने परिचयपत्र, जग्गाधनि प्रमाणपत्र, स्वास्थ्य वीमापत्र लगायत अन्य महत्त्वपूर्ण कानुनी कागजपत्रहरू नष्ट हुने, हराउन सक्ने।
- सर्पदंशका जोखिम अत्यधिक बढ्न सक्ने।
- स्वास्थ्यसँग सम्बन्धित समस्या तथा पानीजन्य रोगहरू फैलिन सक्ने।
- स्वास्थ्य संस्थाहरू बाढी तथा पहिराका कारणले क्षति भई लैङ्गिक हिंसा प्रभावितहरूको आपतकालिन सेवा प्रवाहमा अवरोध हुने।
- खरले छाएका घरहरू डुबानमा पर्ने र सजिलैसँग भत्किने र बगाउन सक्ने।
- घरभित्र पानी पसी सुरक्षित आवासको अभाव भई अत्यधिक तनाव सिर्जना हुने।

### ४.२.४ बाढी तथा पहिरोको पूर्वतयारी तथा प्रतिकार्य रणनीति

बाढी तथा पहिरोका विपद् प्रभावितको संरक्षण गर्ने मुख्य दायित्त्व राज्यको हुने गर्दछ। मानवीय कार्यमा क्रियाशील संघसंस्था एवं विकास साझेदार निकायले राज्यका संयन्त्रलाई सहयोग गर्नुपर्दछ। संरक्षण विषयगत क्षेत्रको भूमिका हिंसा, जबर्जस्ती तथा जानाजान गरिने वञ्चितिबाट मानिसलाई संरक्षण गर्नुपर्ने भएकोले मानवीय प्रतिकार्य गर्दा संरक्षणका सवाललाई सम्बोधन गर्नुपर्दछ।

विपद् प्रभावित क्षेत्रमा मानव अधिकार हनन घटनाको अनुगमन र प्रतिवेदन गर्ने, जीवन रक्षाको लागि तत्काल संरक्षण क्रियाकलापको लागि समन्वय गर्ने, संरक्षण सवाललाई अन्य विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्ने, हिंसा, दुर्व्यवहार, शोषण र विभेदका घटनाको रोकथाम तथा प्रतिकार्य गर्नका लागि प्रादेशिक तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ।

### ४.२.५ बाढी तथा पहिरोको सामना गर्न आवश्यक र विद्यमान क्षमता विश्लेषण

बाढी तथा पहिरो प्रत्येक वर्ष नियमित रूपमा आउने विपद् हुन्। यस किसिमका विपद्को पूर्वतयारी र सचेतना गर्ने कार्यमा पर्याप्त ध्यान नदिँदा हरेक वर्ष धनजनको क्षति व्यहोर्नु परेको तथ्य सर्वविदित छ। बाढी तथा पहिरोको घटनामा मानव अधिकार हनन् घटना घट्ने सम्भावना भएकोले संरक्षणका सेवा प्रवाहका लागि संरक्षण समूहको महत्त्वपूर्ण भूमिका रहन्छ। बाढी तथा पहिरोका कारणले विस्थापितहरू बसेका अस्थायी शिविरमा विभिन्न प्रकारका हिंसा हुन सक्छन्। त्यस्ता पीडितको अधिकारहरूको पूर्ण रूपले संरक्षण गर्ने दायित्त्व राज्यको हुन्छ। संरक्षणअन्तर्गत मानवीय तथा मानव अधिकार सम्बन्धी क्रियाशील निकायहरूले पनि आफ्ना सबै प्रकारका मानवीय प्रतिकार्य संरक्षणमुखी भएको सुनिश्चिता गर्नुपर्दछ। संरक्षणका प्रतिकार्य क्रियाकलाप विनाभेदभाव सबै सङ्कटासन्न समूहलाई पहुँच गर्न सहज र सरल भएको सुनिश्चित गर्नुपर्दछ। उक्त क्रियाकलापका लागि सर्वप्रथम राज्यका सबै तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक स्रोत साधन, आवश्यक राहत सामग्री र दक्ष मानवीय जनशक्तिको व्यवस्थापन गर्ने समेत आवश्यक हुन्छ।

### ४.२.६ बाढी तथा पहिरोको पूर्वतयारी योजना

बाढी तथा पहिरोजन्य जोखिम भएका स्थानका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायले बढी जोखिम व्यहोर्नुपर्ने अवस्था सिर्जना हुनेछ। अत्यावश्यक सेवा र सहयोग उपलब्ध गर्ने संयन्त्रहरू अवरूद्ध हुने भएकोले थप कठिनाइ उत्पन्न भएका अवस्था हुनेछ जसले गर्दा जोखिममा रहेका वर्गले सुरक्षा र संरक्षणसम्बन्धी थप चुनौतीहरूको सामना गर्नुपर्नेछ।

| क्र.सं. | पूर्वतयारीका मुख्य क्रियाकलाप |
|---|---|
| १ | पूर्वतयारीका लागि संरक्षण विषयगत क्षेत्रको जोखिम तथा सङ्कटासन्नता विश्लेषण गर्ने। |
| २ | प्रदेश/स्थानीय तहमा बाढी तथा पहिरोको जोखिम भएका क्षेत्रहरूमा संरक्षण सेवा र सेवा प्रदायकको नक्साङ्कन गर्ने। |
| ३ | मनसुनजन्य विपद्को जोखिममा पर्नसक्ने घरपरिवारलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी तथा जोखिम न्यूनीकरणको सम्बन्धमा अपनाउन सकिने उपायहरूका सम्बन्धमा व्यापक रूपमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। |
| ४ | दैनिक ज्यालादारीबाट जीविकोपार्जन गर्ने अति विपन्न तथा सङ्कटासन्न समूहका लागि अत्यावश्यक सामग्री उपलब्ध गराउनका लागि सहजीकरण गर्ने। |
| ५ | संरक्षणसम्बन्धी कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा महिला, किशोर किशोरी लगायत जोखिममा परेका समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने। |
| ६ | प्रदेश र स्थानीय स्तरमा रहेका मनोसामाजिक मनोविमर्शकर्ताहरूलाई तालिम दिई |

| | |
|---|---|
| | परिचालन गर्न तयारी अवस्थामा राख्ने। |
| ७ | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र राउटे समुदायलाई मध्यनजर गरी उमेर, लिङ्ग र अपाङ्गता अनुकूल संरक्षण सामग्री जस्तैः मर्यादा किट, किशोरी किट, मनोरञ्जन किट, खाद्य सामग्री, गैरखाद्य सामग्री भण्डारण गर्ने। |
| ८ | विभिन्न सञ्चार माध्यम जस्तैः रेडियो, टि.भि.र अन्य सामाजिक सञ्जालका माध्यमबाट सन्देशमूलक सूचना प्रसारणका लागि आवश्यक सामग्रीहरू तयार गर्ने। |
| ९ | बाल कल्याण अधिकारी, वडा तथा पालिकास्तरीय बाल अधिकार समितिहरूलाई घटना व्यवस्थापन तथा बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम दिने। |
| १० | दीर्घरोगीहरूको सूची सङ्कलन गरी अत्यावश्यक औषधीको प्रबन्ध मिलाउने। |
| ११ | सञ्चारकर्मी तथा प्रहरीहरूलाई विपद्को अवस्थामा संरक्षणको सवालमा रिपोर्टिङ्ग गर्न तालिम दिई परिचालनको लागि समन्वय र सहकार्य गर्ने। |
| १२ | विपद्को अवस्थामा संरक्षण क्षेत्रमा आवश्यक सामग्री सेवा खरिद भण्डारण र ओसारपसार गर्नको लागि आपूर्तिकर्ताको पहिचान गरी सूची तयार गर्ने र सम्झौतापत्र तयार पार्ने। |

## ४.२.७ बाढी तथा पहिरोको प्रतिकार्य योजना

बाढी तथा पहिरो प्रभावित क्षेत्रमा मानिसहरूको धनजनको क्षति तथा अत्यावश्यक सेवा र सहयोग संयन्त्रहरू अवरुद्ध भएको अवस्था हुनेछ। पहिले भइरहेका जोखिममा थप जोखिमहरू सिर्जना हुनेछन्। विस्थापितको संख्यामा वृद्धि हुनेछ।

| क्र.सं. | प्रतिकार्यका मुख्य क्रियाकलाप |
|---|---|
| प्रथम चरण : १ देखि २ हप्ता सम्म | |
| १ | प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्रको आकस्मिक बैठक गर्ने। |
| २ | संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न विस्तृत लेखाजोखा गर्ने। |
| ३ | बाढी पहिरोबाट प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई आवश्यकताअनुसार किशोरी किट, मर्यादा किट र कपडाहरू उपलब्ध गराउने। |
| ४ | जोखिममा रहेका समुदायलाई लैङ्गिक हिंसा, बाल संरक्षण, मानसिक स्वास्थ्यजस्ता महत्त्वपूर्ण आवश्यक सेवाका लागि सहयोग गर्न हेल्पलाइन, अल्पकालीन आवास केन्द्र र अन्य सेवा प्रदायक निकायसँग समन्वय गर्ने। |
| ५ | प्रभावित क्षेत्रमा लैङ्गिक हिंसापीडितहरूको लागि सुरक्षित आवासलगायत अन्य महिला, बालबालिका तथा अपाङ्गमैत्री सेवाको सुनिश्चितता गर्ने। |

| | |
|---|---|
| ६ | समुदायमा रहेका संरक्षणसम्बन्धी सवालहरूको नियमित अनुगमन गर्न संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणालीलाई विस्तार गर्ने। |
| ७ | हिंसा, दुर्व्यवहार, शोषण, हेला र भेदभावबाट संरक्षण गर्न सचेतना कार्यक्रमका लागि स्थानीय भाषामा संरक्षणसम्बन्धीका सेवाहरूहको जानकारीका सूचना शिक्षा सञ्चार सामग्री तयार पार्ने। |
| ८ | अन्य विषयगत समूहमा संरक्षणका सवालको मूलप्रवाहीकरण भए नभएको सुनिश्चित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जाँचसूचीको माध्यमवाट अनुगमन गर्ने। |
| दोस्रो चरण : ३ देखि ४ हप्ता सम्म | |
| १ | जोखिममा परेका बालबालिकालाई तत्काल उद्धार, पारिवारिक पहिचान र पुनर्स्थापनासहित संरक्षणका आवश्यक सेवाहरू उपलब्ध गर्ने। |
| २ | विस्थापित क्षेत्रमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको जीवन रक्षाको लागि किशोरी किट, मर्यादा किट, खाद्य/गैर खाद्य सामग्री वितरण गर्ने। |
| ३ | बालबालिका तथा किशोरकिशोरीहरूमा बढ्दै गएको लैङ्गिक हिंसाका कारणहरूको पहिचान गरी सोको समाधानका उपायहरू तय गर्न सहयोग गर्ने। |
| ४ | व्यक्तिमा उत्पन्न हुने विभिन्न खालका तनाव तथा मनोसामाजिक समस्याको पहिचान गरी सोको उचित व्यवस्थापन गर्न समुदायमा आधारीत मनोसामाजिक सचेतनामार्फत सकारात्मक व्यवहार परिवर्तनका लागि हेल्पलाइन तथा अन्य विशिष्टीकृत सेवा प्रदायक संस्थासँग समन्वय गरी सेवामा पहुँच सुनिश्चित गर्ने। |
| ५ | लैङ्गिक हिंसा, कुसस्कार र बेचबिखन जस्ता मानव अधिकार हननका घटना रोकथामका लागि मनोसामाजिक मनोविमर्श सेवा, सुरक्षित आवास सेवा र सम्प्रेषण प्रणालीमार्फत आवश्यक सहयोग गर्ने। |
| ६ | समुदायमा आधारित मनोसामाजिक मनोविमर्श सहयोग र विशिष्ट मानसिक स्वास्थ्य सेवा बीचको सम्बन्ध विस्तारमा सहयोग गर्ने। |
| ७ | बालबालिकाहरूको लागि बालमैत्री स्थानमा खेलकुद तथा मनोरञ्जन सामग्रीहरू उपलब्ध गराउने। |
| ८ | आधारभूत यौन प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा र यौन दुर्व्यवहारसम्बन्धी सचेतना जगाउनका लागि सूचना केन्द्रको स्थापना गर्ने। |
| ९ | संरक्षणका सवालको समाधानका लागि संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणाली मार्फत सूचना सङ्कलन गर्ने। |
| १० | परिचयपत्र हराएकाहरूका लागि प्रतिलिपि निकाल्न सहजीकरण गर्ने। |

| | |
|---|---|
| ११ | संरक्षण सेवामा दोहोरोपना हुन नदिन प्रदेश/स्थानीय तहका संरक्षण संयन्त्रको समन्वयमा सुधार गर्ने। |
| तेस्रो चरण : २ देखि ३ महिनासम्म | |
| १ | सीमान्तकृत समूह तथा लैङ्गिक हिंसा प्रभावित, बालबालिका, विशेष अवस्थाका महिला तथा अपाङ्गता भएकालाई जीविकोपार्जन र नगद हस्तान्तरण कार्यक्रममा जोड्नका लागि सहयोग गर्ने। |
| २ | समुदायमा आधारित रिपोर्टिङ्ग संयन्त्रको स्थापना र विस्तार गर्ने। |
| ३ | विस्थापित क्षेत्रमा र समुदायमा मनोसामाजिक, मनोविमर्श सेवा लगायत अन्य आवश्यक सेवाको विस्तार गर्ने। |
| ४ | लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूका लागि उमेर, लिङ्ग र संस्कृति संवेदनशील बहुक्षेत्रीय कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने। |
| ५ | घटना व्यवस्थापन प्रणालीको कार्यान्वयन, समुदायमा रहेको संरक्षण सवालहरूको नियमित अनुगमन तथा घटना प्रतिवेदनलाई विस्तार गर्ने र उक्त प्रतिवेदनका आधारमा तथ्याङ्कको विश्लेषण गरी संरक्षणका भावी कार्यक्रमहरू तर्जुमा गर्ने। |

## ४.३ महामारी

### ४.३.१ महामारीको सन्दर्भ

कुनै पनि महामारी आउनु भनेको समाजलाई गम्भीर जोखिममा पार्नु हो। महामारी भयो भने सबैभन्दा बढी जोखिममा बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक पर्दछन्। विगत ११ वर्षको अवधिमा यस प्रदेशमा महामारीका कुल २१ वटा घटनाहरू भएको पाइन्छ जसबाट धेरै संख्यामा मानवीय क्षतिसहित १८ लाख बराबरको आर्थिक क्षति भएको तथ्याङ्क रहेको छ। यस प्रदेशमा विश्वभर फैलिएको कोभिड १९ महामारीबाट ८२ जना मानिसहरूको मृत्यु भएको थियो। जाजरकोटमा २०६६ सालमा फैलिएको हैजा र झाडापखाला महामारीले सर्वत्र ध्यान खिचेको थियो। त्यसै गरी २०७१ सालमा जाजरकोटमा फैलिएको इन्फ्लुएन्जा कारणले ४८० व्यक्तिहरूको मृत्यु भएको थियो।

### ४.३.२ महामारीको अनुमानित परिदृश्य

महामारीको अवस्थामा सरसफाइमा व्यापक अवरोध आउँछ। सरसफाइको कमीले झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस ए, डेङ्गु, दादुरा, महामारी, सर्पदंश, मलेरिया, कालाजार, मौसमी रुघाखोकी जस्ता सामान्य रोगहरूको असरले मानवीय तथा भौतिक रूपमा ठुलो प्रभाव पर्ने देखिन्छ। यस किसिमका महामारीजन्य विपद्बाट कर्णाली प्रदेशका १० वटा जिल्लामा करिब १०,९९१ घरधुरीका ५४,९५६ व्यक्तिहरू प्रभावित हुन सक्ने देखिन्छ जसबाट महिला २८,०२७, बालबालिका २३,०८१, गर्भवती

तथा सुत्केरी महिला २१९८, अपाङ्गता भएका व्यक्ति १०६६ उच्च जोखिममा रहने अनुमान गरिएको छ।

### ४.३.३ महामारीको पूर्वतयारी तथा प्रतिकार्यमा आउन सक्ने चुनौती

- दक्ष जनशक्तिको कमी।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायले प्रतिकार्यमा प्राथमिकता नपाउने।
- स्रोत साधनको पहुँच नहुने।

### ४.३.४ महामारीको पूर्वतयारी तथा प्रतिकार्य रणनीति

विपद् संरक्षणका सवाललाई मध्यनजर गर्दै महामारी विपद्का लागि अँगालिएको प्रतिकार्य रणनीतिलाई अनुसरण गरिनेछ। महामारीको प्रभावित क्षेत्र सर्वत्र भएको खण्डमा प्रतिकार्य गर्नलाई तालिमप्राप्त दक्ष जनशक्तिलाई प्राथमिकताका आधारमा परिचालन गरिनेछ। सम्बन्धित गाउँ/नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र अन्य विषयगत क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरी संरक्षणका प्रतिकार्य क्रियाकलापहरूलाई वृहत रूपमा सञ्चालन गरिनेछ।

### ४.३.५ महामारीको सामना गर्न आवश्यक र विद्यमान क्षमता विश्लेषण

माथि उल्लिखित महामारीजन्य प्रकोपहरूको अनुमानित परिदृश्यअनुसार महामारीको विपद्बाट प्रभावित हुन सक्ने व्यक्ति तथा सङ्कटासन्न समूहलाई सहयोग पुऱ्याउन उच्च जोखिम भएको क्षेत्रहरूलाई प्राथमिकता दिई दक्ष जनशक्ति परिचालनका लागि विद्यमान क्षमताको विश्लेषण गर्न जरुरी हुन्छ। विद्यमान क्षमताको नक्साङ्कन तथा विश्लेषणसम्बन्धी ढाँचा अनुसूचीमा राखिएको छ।

महामारीको सामना गर्न सामाजिक विकास मन्त्रालयको नेतृत्त्व एवं संयोजनमा विभिन्न सहयोगी निकाय मूलभूत रूपमा विकास साझेदार, संयुक्त राष्ट्र। संघीय निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था, समुदायमा आधारित संस्थाको प्राविधिक तथा आर्थिक सहयोगमा महामारीको सामना गर्न तय गरिएका आवश्यक पूर्वतयारी तथा प्रतिकार्य क्रियाकलाप सामूहिक रूपमा कार्यान्वयन गरिनेछ।

### ४.३.६ महामारीको सामना गर्न आवश्यक पूर्वतयारी योजना

संरक्षण क्षेत्रमा कार्यरत संघ संस्थाको पूर्वतयारी योजनालाई कार्यान्वयन गर्न सम्पर्क सूत्रको नक्शाङ्कन गर्न आवश्यक हुन्छ। सामाजिक विकास महाशाखाको नेतृत्त्वमा तथा अन्य सदस्य संस्थाको प्राविधिक सहयोगमा विभिन्न सञ्चार माध्यमबाट सचेतनामूलक कार्यक्रम

सञ्चालन गर्न पनि उत्तिकै जरुरी देखिन्छ। महामारीको प्रकृतिअनुसार सूचनाको सङ्कलन गरी सोहीअनुसार तल उल्लिखित पूर्वतयारीका कार्य गर्न आवश्यक हुन्छ।

| क्र.सं. | पूर्वतयारीका मुख्य क्रियाकलाप |
|---|---|
| १ | पूर्वतयारीका लागि संरक्षण वियषगत क्षेत्रको जोखिम तथा सङ्कटासन्नता विश्लेषण गर्ने। |
| २ | संरक्षणका सवाल सम्बोधन गर्न संरक्षण विषयगत क्षेत्रमा आबद्ध संस्थाहरूको क्षमता नक्साङ्कन गर्ने। |
| ३ | विभिन्न सञ्चार माध्यम जस्तैः रेडियो, टि.भि.र अन्य सामाजिक सञ्जालका माध्यमबाट सन्देशमूलक सूचना प्रसारणका विशेष गरी मानसिक स्वास्थ्य, मनोसामाजिक मनोविमर्श, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौन हिंसासम्बन्धी सन्देश तय गर्न सामाजिक विकास मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र महिला आयोगसँग समन्वय र सहकार्य गर्ने। |
| ४ | प्रदेशमा सामाजिक मन्त्रालयलगायत अन्य सम्बन्धित मन्त्रालयसँग योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि संरक्षण विषयगत क्षेत्रको बैठक नियमित रूपमा बस्ने। |
| ५ | संरक्षणका सेवा प्रवाहका लागि समन्वय तथा सहकार्यका संयन्त्र निर्माण गर्ने। |
| ६ | संरक्षण सम्बन्धी कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा महिला, किशोर किशोरीलगायत जोखिममा परेका समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने। |
| ७ | बालबालिका किट, किशोरी किट, मर्यादा किटलगायत मानसिक स्वास्थ्य तथा मनोसामाजिक क्रियाकलापका लागि चाहिने सामग्रीको अग्रिम भण्डारण गर्ने। |
| ८ | प्रदेशमा रहेका मनोसामाजिक मनोविमर्शकर्ताको सूची तयार गरी आवश्यकताअनुसार तालिम दिई परिचालन गर्न सहजीकरण एवम् समन्वय गर्ने। |
| ९ | बाल कल्याण अधिकारी, वडा तथा पालिकास्तरीय बाल अधिकार समितिलाई घटना व्यवस्थापन तथा बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम दिने। |
| १० | संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणालीलगायत सूचना व्यवस्थापन प्रणालीसम्बन्धी संरक्षण विषयगत क्षेत्रका सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने। |
| ११ | सङ्कटासन्न समूहको लागि स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन स्वास्थ्य विषयगत क्षेत्रसँग समन्वय गर्ने। |
| १२ | सञ्चारकर्मी तथा प्रहरीहरूलाई विपद्को अवस्थामा संरक्षणको सवालमा रिपोर्टिङ्ग गर्न तालिम दिई परिचालनको लागि समन्वय र सहकार्य गर्ने। |
| १३ | विपद्को अवस्थामा संरक्षण क्षेत्रमा आवश्यक सामग्री सेवा खरिद भण्डारण र ओसारपसार गर्नको लागि आपूर्तिकर्ताको पहिचान गरी सूची तयार गर्ने र सम्झौतापत्र तयार पार्ने। |

## ४.३.७ महामारीको सामना गर्न आवश्यक प्रतिकार्य योजना

कर्णाली प्रदेश सम्भाव्य महामारीबाट उच्च जोखिममा रहेको सङ्कटासन्न समूहको संरक्षण र सुरक्षा गरी जोखिम न्यूनीकरणका लागि आवश्यक सावधानी र उच्च सर्तकता साथ महत्त्वपूर्ण कदमहरू आवश्यक हुन्छ। तथापि महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू विपद्को समयमा सवैभन्दा बढी जोखिमा पर्ने सम्भावना भएको र ती समूहलाई तत्काल सहयोग गर्नुपर्ने भएकाले महामारीको सामना गर्न तपसिलमा उल्लिखित आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू गर्न आवश्यक हुन्छ :

| क्र.सं. | प्रतिकार्यका मुख्य क्रियाकलाप |
|---|---|
| प्रथम चरण : १ देखि २ हप्तासम्म | |
| १ | प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्रको आकस्मिक बैठक गर्ने। |
| २ | संरक्षण विषगत क्षेत्रसँग सम्बन्धित खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न विस्तृत लेखाजोखा गर्ने। |
| ३ | स्थानीय तहमा संरक्षण विषयगत क्षेत्रलाई क्रियाशील बनाउने। |
| ४ | महामारीबाट प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई आवश्यकताअनुसार किशोरी किट, मर्यादा किट र कपडाहरू वितरण गर्ने। |
| ५ | संरक्षण सवाल मूलप्रवाहीकरण गर्न प्रदेश विपद व्यवस्थापन समिति, स्वास्थ्य विषयगत क्षेत्र, शिक्षा विषयगत क्षेत्रलगायत अन्य विषयगत क्षेत्रहरूसँग नियमित समन्वय र सहकार्य गर्ने। |
| ६ | जोखिममा रहेका समुदायलाई लैङ्गिक हिंसा, बाल संरक्षण, मानसिक स्वास्थ्यजस्ता महत्त्वपूर्ण आवश्यक सेवाका लागि सहयोग गर्न हेल्पलाइन, अल्पकालीन आवास केन्द्र र अन्य सेवा प्रदायक निकायसँग समन्वय गर्ने। |
| ७ | महामारी प्रभावितका लागि विभिन्न सेवा प्रवाहसम्बन्धी वेव पोर्टल, मोबाइल एप्लीकेसन, क्यूआर कोड स्क्यान गर्नेलगायत सूचना शिक्षा तथा सञ्चार सामग्रीका माध्यमबाट जानकारी गराउने। |
| ८ | स्याहारकर्ता तथा समुदायको हितका लागि महामारी जोखिम मूल्याङ्कन तथा रोकथामका लागि आवश्यक तालिमहरू उपलब्ध गराउने। |
| ९ | महामारी रोकथामका लागि हट लाइन नम्बरको स्थापना गरी सेवा दिनुका साथै व्यवहार परिवर्तनका लागि सञ्चार र सूचना, सञ्चार सामग्री एवं सार्वजनिक हितमा हुने सूचना तयार पारी एफ. एम. स्टेशन, रेडियो, टेलीभिजन मार्फत व्यापक प्रचार प्रसार गर्ने। |
| दोस्रो चरण : ३ देखि ४ हप्ता सम्म | |
| १ | जोखिममा परेका बालबालिकालाई तत्काल उद्धार, पारिवारिक पहिचान र पुनर्स्थापनासहित संरक्षणका आवश्यक सेवाहरू उपलब्ध गर्ने। |

| | |
|---|---|
| २ | खुला सीमा नाकाहरूमा हेल्प डेस्कको स्थापना गर्ने सरकारी निकायको क्षमता अभिवृद्धि गर्ने। |
| ३ | लैङ्गिक हिंसा, हानिकारक सामाजिक अभ्यास र बेचबिखन जस्ता मानव अधिकार हननका घटना रोकथामका लागि पीडित केन्द्रित आवश्यक यौन तथा प्रजनन स्वास्थ्य हेरचाह, मनोसामाजिक मनोविमर्श सेवा, सुरक्षित आवास सेवा प्रदान गर्ने र सम्प्रेषण प्रणालीको सुदृढीकरणमा सहयोग गर्ने। |
| ४ | विस्थापित क्षेत्रमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई आवश्यकताअनुसार किशोरी किट, मर्यादा किट, खाद्य/गैरखाद्य सामग्री वितरण गर्ने। |
| ५ | समुदायमा आधारित मनोसामाजिक मनोविमर्श सेवा र विशिष्ट मानसिक स्वास्थ्य सेवा बीचको सम्बन्ध विस्तारमा सहयोग गर्ने। |
| ६ | बालबालिकाहरूको लागि बालमैत्री स्थानमा खेलकुद तथा मनोरञ्जन सामग्रीहरू उपलब्ध गराउने। |
| ७ | आधारभूत यौन प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा र यौन दुर्व्यवहारसम्बन्धी सचेतना जगाउनका लागि सूचना केन्द्रको स्थापना गर्ने। |
| ८ | बालबालिका तथा किशोरकिशोरीहरूमा बढ्दै गएको लैङ्गिक हिंसाका कारणहरूको पहिचान गरी सोको समाधानका उपायहरू तय गर्न सहयोग गर्ने। |
| ९ | व्यक्तिमा उत्पन्न हुने विभिन्न खालका तनावको पहिचान गरी सोको उचित व्यवस्थापन गर्न समुदायमा आधारित मनोसामाजिक सचेतनामार्फत सकारात्मक व्यवहार परिवर्तनका लागि हेल्पलाइन तथा अन्य विशिष्टीकृत सेवा प्रदायक संस्थासँग समन्वय गरी सेवामा पहुँच सुनिश्चित गर्ने। |
| १० | संरक्षणका सवालको समाधानका लागि संरक्षण अनुगमन तथा घटना प्रतिवेदन प्रणाली मार्फत खण्डीकृत सूचना सङ्कलन गर्ने। |
| ११ | तनाव व्यवस्थापन, प्रभावितको स्याहार तथा उद्धारकर्ताका लागि मनोसामाजिक मनोविमर्श सेवा उपलब्ध गर्ने। |
| १२ | परिचयपत्र हराएकालाई प्रतिलिपि निकाल्न सहजीकरण गर्ने। |
| १३ | संरक्षण सेवामा दोहोरोपन हुन नदिन प्रदेश र स्थानीय तहका संरक्षण संयन्त्रहरू बीचको समन्वय सुधार गर्नमा सहयोग गर्ने। |
| तेस्रो चरण : २ देखि ३ महिनासम्म | |
| १ | सीमान्तकृत समूह तथा लैङ्गिक हिंसा प्रभावित, बालबालिका, महिला तथा अपाङ्गता भएकालाई जीविकोपार्जन र नगद हस्तान्तरण कार्यक्रममा जोड्नका लागि सहयोग गर्ने। |

| | |
|---|---|
| २ | समुदायमा आधारित रिपोर्टिङ्ग संयन्त्रको स्थापना र विस्तार गर्ने। |
| ३ | विस्थापित क्षेत्रका समुदायहरूलाई मनोसामाजिक मनोविमर्श सेवा विस्तार गर्ने। |
| ४ | घटना व्यवस्थापन प्रणालीको कार्यान्वयन, समुदायमा रहेको संरक्षण सवालको नियमित अनुगमन तथा घटना प्रतिवेदनलाई विस्तार गर्ने र उक्त प्रतिवेदनका आधारमा तथ्याङ्कको विश्लेषण गरी संरक्षणका भावी कार्यक्रम तर्जुमा गर्ने। |
| ५ | लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूका लागि उमेर, लिङ्ग र संस्कृति संवेदनशील बहुक्षेत्रीय कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने। |
| ६ | संरक्षणका सेवा निरन्तर रूपमा प्रदान गर्ने र आएका घटनालाई समस्याअनुरूप अन्य विषयगत क्षेत्रमा सिफारिस गर्ने। |

## ४.४ अन्य विपद् : आगलागी, वन डढेलो, चटयाङ्ग, हावाहुरी, जलवायु परिवर्तनजन्य विपद् जस्तै : अतिवृष्टि, अनावृष्टि, खडेरी, शीतलहर आदि

आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रकाशित कर्णाली प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७९मा पहिचान गरिएका अन्य विपद् विशेष गरी आगलागी, हिमपात, खडेरी, चटयाङ, हावाहुरी, जलवायु परिवर्तनजन्य विपद् जस्तै अतिवृष्टि, अनावृष्टि, खडेरी, शीतलहर जस्ता विपद्को सन्दर्भमा पनि माथि उल्लिखित भूकम्प, मनसुनजन्य विपद्-बाढी पहिरो र महामारीजन्य विपद् तय गरिए बमोजिम अनुमानित परिदृश्य, सम्भावित चुनौतीको लेखाजोखा, रणनीति  पहिचान गरी सो विपद्का लागि सामना गर्न आवश्यक र विद्यमान क्षमता विश्लेषणका आधारमा अन्य विपद्को विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तय गरिनेछ। प्रकरण ४.१ देखि ४.४ सम्मको अनुसूची १ बमोजिमको विस्तृत लेखाजोखा फारम अनुसारको प्रतिवेदन तयार गरिनेछ।

### परिच्छेद - ५

# संरक्षण विषयगत क्षेत्रको विद्यमान क्षमता तथा तयारी अवस्था

विपद्को पूर्वतयारी, प्रतिकार्य र त्यसपछिको पुनर्स्थापनासम्बन्धी कार्यहरू यथोचित एवं यथाशक्य कार्यन्वयन गरी क्षति न्यूनीकरण गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्देशिका २०७६ (परिमार्जित) अनुमोदन गरेको छ। यस निर्देशिका बमोजिम स्थानीय, प्रदेश र संघले आफ्नो अधिकार क्षेत्रभित्रका सम्पूर्ण सरकारी, गैर सरकारी, मानवीय सहायतामा काम गर्ने संघ संस्था, संयुक्त राष्ट्र संघका निकायहरू तथा निजी क्षेत्रहरूलाई समावेश गरी उनीहरूको समन्वय र सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन मार्ग निर्देशित गरेको छ। साथै यसैमा आधारित रहेर अन्य विषयगत क्षेत्रमा समेत विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नसमेत  मार्गप्रशस्त गरेको छ।

प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले तय गरेको मार्गदर्शनमा आधारित रहेर प्रदेशको प्राथमिकतामा परेका मुख्य प्रकोपहरूको परिदृश्य र यसले समग्र प्रदेशको सामाजिक, आर्थिक, भौतिक एवं मानवीय पक्षमा पार्न सक्ने क्षतिको न्यूनीकरण गर्दै विपद् उत्थानशील प्रदेश कायम गर्न विषयगत क्षेत्रहरूको भूमिका महत्त्वपूर्ण हुन्छ।

प्रत्येक विषयगत क्षेत्रको आफ्नो छुट्टै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यन्वयन गर्न आवश्यकसमेत रहेको छ। प्रदेशको विपद् जोखिम र क्षमताको आँकलन गरी सोहीअनुरूप प्रदेशमा पर्न जाने विपद्को क्षतिलाई न्यूनीकरण गर्न प्रदेश सरकार र अन्य मानवीय सहायतामा काम गर्ने सम्पूर्ण सघंसंस्था तथा निकायहरूको समन्वय र सहकार्यमा कर्णाली प्रदेशको संरक्षण विषयगत क्षेत्रको  विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ।

यस परिच्छेदमा विशेष गरी माथि उल्लिखित भूकम्प, मनसुनजन्य (बाढी, पहिरो), महामारी र अन्य (हावाहुरी, चट्याङ, हिपपात) आदिको परिदृश्यबाट सिर्जना हुनसक्ने सामाजिक, आर्थिक, भौतिक एवं मानवीय क्षति न्यूनीकरण गर्न संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित संस्थागत जनशक्ति व्यवस्थापन र परिचालनका साथै संस्थागत संरचना र समन्वयका आधारभूत विद्यमान क्षमता तथा तयारी अवस्था, अपुग मानवीय जनशक्ति, भौतिक, प्राविधिक एवं आर्थिक स्रोत र साधनका साथै संस्थागत संरचनाको लेखाजोखा गर्दै उक्त स्रोतहरूको व्यवस्थापन गर्न आवश्यक क्रियाकलाप, सहयोगी निकाय वा जिम्मेवार निकाय, आवश्यक बजेट आदिका बारेमा विस्तृत विश्लेषण गरिएको छ।

## ५.१ जनशक्ति व्यवस्थापन र परिचालन

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | अधिकतम | उपलब्ध | अपुग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालकल्याण अधिकारी | जना | ७९ | ४४ | ३५ | |
| २ | मनोसामाजिक मनोविर्मशकर्ता | जना | ७९ | ६३ | १६ | |
| ३ | कानुन विद | जना | | | | आवश्यकता अनुसार |
| ४ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | जना | ७९ | ३४ | ४५ | |
| ५ | बालमनोविज्ञ | जना | | | | आवश्यकता अनुसार |
| ६ | सामाजिक कार्यकर्ता | जना | ७९ | ४५ | ३४ | आवश्यकता अनुसार |

## ५.२ संरक्षणका विषयगत क्षेत्रका लागि आवश्यक सामग्री

माथि उल्लिखित सम्भावित मुख्य प्रकोपहरूको परिदृश्यबाट सिर्जना हुनसक्ने विपद्‌बाट सामाजिक, आर्थिक, भौतिक एवं मानवीय क्षति न्यूनीकरण गर्न, संरक्षणका प्रभावकारी सेवा प्रवाहको सुनिश्चित गर्न र संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित तत्काल आवश्यक पर्ने उपलब्ध र अपुग सामग्रीको लेखाजोखा गरी सोको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**संरक्षणका लागि आवश्यक पर्ने सामग्री तथा तयारी अवस्थाः**

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | अधिकतम | उपलब्ध | अपुग |
|---|---|---|---|---|---|
| १ | डिग्निटी किट | थान | ६९,२३९ | १५०० | ६७,७३९ |
| २ | किशोरी किट | थान | ३९,१२९ | १५०० | ३७,६२९ |
| ३ | बल्याङ्केट | थान | ६९,२३९ | २००० | ६७,२३९ |
| ४ | त्रिपाल | थान | २८,००० | ३५०० | २४,५०० |
| ५ | रिक्रियशनल किट | थान | १५६ | ४० | ११६ |
| ६ | बालबालिकाहरूको खेलाउनाका सामग्रीहरू | थान | ६९,२३९ | ८७५ | ६८,३६४ |
| ७ | अन्य लत्ताकपडा | थान | ६९,२३९ | ५०० | ६८,७३९ |

## ५.३ संस्थागत संरक्षण संयन्त्र तथा समन्वय

माथि उल्लिखित प्रमुख प्रकोपहरूको परिदृश्यबाट सिर्जना हुनसक्ने क्षति न्यूनीकरण गर्न संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित तत्काल आवश्यक पर्ने तथा क्रियाशील रहेका संस्थागत संरचनाको लेखाजोखा गरी सोको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | संस्थागत संरक्षण संयन्त्र विवरण | एकाइ | अधिकतम | उपलब्ध | अपुग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्रको सचिवालय | संख्या | १ | १ | ० | |
| २ | जिल्लास्तरीय संरक्षण विषयगत क्षेत्र | संख्या | १० | ० | ० | |
| ३ | गाउँ/नगरपालिकास्तरीय संरक्षण समिति | संख्या | ७९ | ० | ७९ | |
| ४ | महिला सञ्जाल/समिति | संख्या | ७९ | ० | ७९ | |
| ५ | गाउँ/नगर बालअधिकार समिति | संख्या | ७९ | ० | ७९ | |
| ६ | बाल क्लब / सञ्जाल | संख्या | ८० | १ | ७९ | प्रदेश र पालिका स्तरीय |
| ७ | अपाङ्गतासम्बन्धी सञ्जाल | संख्या | १ | १ | ० | प्रदेश स्तरीय |

परिच्छेद - ६

# आर्थिक स्रोत व्यवस्थापन

## ६.१ आर्थिक स्रोत व्यवस्थापन

कर्णाली प्रदेशको संरक्षण विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने वजेट सम्बन्धित विषयगत क्षेत्र अन्तर्गतका मुख्य नेतृत्त्व र सहनेतृत्त्व गर्ने निकायहरूका साथै अन्य सरोकारवाला संघ संस्थाहरूको सहकार्य र समन्वयमा व्यवस्थापन गरिनेछ। यसमा विशेष गरी संरक्षण विषयगत क्षेत्रअन्तर्गत संस्थागत जनशक्ति व्यवस्थापन र परिचालन, संस्थागत संरचना र समन्वय, आधारभूत भौतिक संरचना तथा सामग्रीहरू, प्रविधि एवं औजार आदिको लेखाजोखा गरी सोहि अनुरूप अनुमानित तर्जुमा गरिएको छ। यस क्षेत्रको पूर्वतयारी र प्रतिकार्य योजनाअनुसारको कूल लागत तलको तालिकामा प्रस्तुत गरिएको छ :

लागत अनुमानित रकम प्रत्येक वर्ष अद्यावधिक गरिनेछ।

| क्र. सं. | विवरण | कुल लागत रु. हजार | मौजुदा अवस्था | अपुग | अपुग स्रोत व्यवस्थापन (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय तह | विकास साझेदार |
| १ | पूर्वतयारी | | | | | | | |
| १.१ | संस्थागत संरचना | १००० | ० | १००० | ० | ९०० | ० | १०० |
| १.२ | जनशक्ति | ३५०० | १५०० | २००० | ० | ० | ० | २००० |
| १.३ | क्षमता विकास | ५००० | १२०० | ३८०० | ० | ९०० | ० | २९०० |
| १.४ | सामग्री | १०००० | २५०० | ७५०० | ५०० | ० | ५०० | ६५०० |
| जम्मा पूर्वतयारी | | १९५०० | ५२०० | १४३०० | ५०० | १८०० | ५०० | ११५०० |
| २ | प्रतिकार्य | | | | | | | |
| २.१ | संस्थागत संरचना | ६०० | ० | ६०० | ० | ९०० | ० | ६०० |
| २.२ | जनशक्ति | ७००० | ३५०० | ३५०० | ० | ० | १५०० | २००० |
| २.३ | क्षमता विकास | ४५०० | ० | ४५०० | ० | २०० | ५०० | ३८०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | सामग्री | ११००० | ० | ११००० | ५०० | ५०० | १००० | ९००० |
| २.५ | सूचना सम्प्रेषण | ७०० | ० | ७०० | ० | ० | ५०० | २०० |
| जम्मा प्रतिकार्य | | २३८०० | ३५०० | २०३०० | ५०० | ७०० | ३५०० | १५६०० |
| कुल | | ४३३०० | ८७०० | ३४६०० | १००० | २५०० | ४००० | २७१०० |

## ६.२ स्रोत व्यहोर्ने निकायहरूको नक्साङ्कन

कर्णाली प्रदेशमा माथि उल्लिखित सम्भावित मुख्य प्रकोपहरूको परिदृश्यबाट सिर्जना हुन सक्ने क्षति न्यूनीकरण गर्न संरक्षणसँग सम्बन्धित सेवा प्रदायकहरूले आवश्यक कोषको व्यवस्था गर्न जरुरी हुन्छ। यस संरक्षण विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धि क्रियाकलापहरूको कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विकास साझेदारहरूसँग सम्बन्धित विभिन्न सरोकारवाला संघसंस्थाहरूको नक्साङ्कन निम्नानुसार उल्लेख गरिएको छ।

| क्र.सं. | तहगत विवरण | स्रोत व्यहोर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | संघ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय | आवश्यकताअनुसार |
| २ | प्रदेश | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | आवश्यकताअनुसार |
| ३ | स्थानीय तह | सबै स्थानीय तह | प्रकोपको अवस्थाअनुसार |
| ४ | विकास साझेदार तथा संयुक्त राष्ठ। संघीय निकायहरू | युनिसेफ, यूएनडिपी, विश्व खाद्य कार्यक्रम, सेभ द चिल्ड्रेन, प्लान नेपाल, केयर नेपाल, राष्टिय गैर सरकारी संस्थाहरू | |
| ५ | अन्य | स्थानीय तहमा कार्यरत सामाजिक विकास संस्थाहरू, सञ्जालहरू | |

## परिच्छेद - ७
# समन्वय र सहकार्य

## ७.१ संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र बिचको समन्वय र सहकार्य

कर्णाली प्रदेश संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नेतृत्त्वमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिने छ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग सङ्कटासन्न समूहको लागि समयमै उपयुक्त सेवा तथा सुविधा र आपत्कालीन राहत सामग्रीहरूमा पहुँच पुऱ्याउन प्रभावकारी समन्वयको भूमिका निर्वाह गरिने छ। जल तथा मौसम विज्ञान विभागबाट जारी हुने प्रत्येक तीस दिने मनसुन बुलेटिनलाई स्थानीय समुदायसम्म पुऱ्याउन प्रभाकारी र भरपर्दो संयन्त्रको निर्माण गरी आवश्यक सूचना आदानप्रदानमा जोड दिइने छ। संरक्षण विषयगत क्षेत्रको नियमित तथा अन्य बैठकमा विपद् पूर्वतयारी र प्रतिकार्य योजनाको कार्यान्वयन सम्बन्धमा छलफल गरिने छ। यस विषयगत क्षेत्र अन्तर्गतका प्रदेश स्तरीय सदस्य बीच सम्पर्क र समन्वय एवं सहकार्य गर्दै यस विषयगत क्षेत्रको सबलीकरण गर्न सदस्य संस्थाहरूसँग नियमित समन्वय गरिने छ। विपद् प्रभावितलाई प्रतिकार्य योजना बमोजिम राहत उपलब्ध गराउँदा सुत्केरी तथा गर्भवती महिलाहरू, बालबालिकाहरू, ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिलाहरू, किशोर किशोरीहरू, विस्थापित भएका व्यक्तिहरू र लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिलाई प्राथमिकतामा पार्न तीनै तहका सरकारको प्रभावकारी समन्वय र सहकार्य गरिने छ।

## ७.२ अन्तर विषयगत क्षेत्र तथा निकायगत समन्वय र सहकार्य

विपद् समन्वय, सहकार्य र साझेदारीलाई महत्त्वपूर्ण पाटोको रूपमा लिनुपर्ने हुन्छ। पूर्वनिर्धारित समन्वय, सहकार्य र साझेदारीका संयन्त्रले लक्षित समूहका लागि स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरूको कार्यान्वयन भरपर्दो, प्रभावकारी बनाउन मद्धत गर्दछ। यसको लागि अन्तर विषयगत क्षेत्र तथा निकायगत समन्वय र सहकार्य हुन आवश्यक हुन्छ।

